# आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिको

# स्वत:प्रकाशन

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

## गोलबजार नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## गोलबजार, सिरहा

### मधेश प्रदेश, नेपाल

# आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिको स्वत:प्रकाशन

-------------------------

**(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)**

----------------------------

↑↑↑

↑↑↑

↑↑↑

↑↑↑

↑↑↑

↑↑↑

↑↑↑

↑↑↑

## गोलबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

### गोलबजार, सिराहा
### मधेश प्रदेश, नेपाल

**प्रकाशन**
आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिक अवधिको स्वत:प्रकाशन
(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

**प्रकाशक**
गोलबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

**वेब साइट:** www.golbazarmun.gov.np

**इमेल:**
info@golbazarmun.gov.np

**सम्पर्क न :**
९८५२८२७१११

**नगरप्रमुख**
श्याम कुमार श्रेष्ठ
mayor@golbazarmun.gov.np

**नगर उपप्रमुख**
मान्ती शाह
deputy.mayor@golbazarmun.gov.np

**प्रशासकीय अधिकृत**
अनन्त कुमार पौड्याल
info@golbazarmun.gov.np

**सूचना अधिकारी**
सुबोध कुमार लामा
ito@golbazarmun.gov.np

**प्रकाशन मिति**
२०८० साउन १५

**लेखन तथा संयोजन**
अनन्त कुमार पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

# दुई शब्द

नेपालको संविधानको धारा २७ मा सूचनाको हकको व्यवस्था भए बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३, ३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । उक्त व्यवस्था बमोजिम गोलबजार नगरपालिकाको मिति २०८० ।०४ ।०४ गते प्रमुख प्रकासकीय अधिकृतको अध्यक्षतामा बसेको शाखा प्रमुखहरुको बैठकको  निर्णयानुसार सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन यस नगरपालिकाबाट २०७९ बैशाख, जेठ र असार महिनाको अवधिमा सम्पादित प्रमुख कार्यहरु प्रकाशित गरिएको छ । यस स्वत: प्रकाशनको निर्माणका लागि सूचना र जानकारी उपलब्ध गराएर सहयोग गर्नु हुने शाखा प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद छ । यस स्वत: प्रकाशनसँगै आगामी त्रैमासिक अवधिमा समेत नियमित रुपमा थप व्यवस्थित गर्दै प्रकाशन गरिने प्रतिबद्धता व्यक्त गरिन्छ ।

मिति २०८० साउन १० गते

**अनन्त कुमार पौड्याल**
प्रमुख प्रशासकीय अधिकृत
गोलबजार नगरपालिका

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| **१** | **कार्यालयको स्वरुप र प्रकृति** | १ |
| १.१ | भौगोलिक स्थिति क्षेत्रफल र सिमाना | १ |
| १.२ | नगरपालिका र वडा कायम | १ |
| १.३ | जनप्रतिनिधि पदाधिकारीको सभा, कार्यपालिका र समिति गठन | १ |
| १.४ | सङ्गठन ढाँचा र कर्मचारी दरबन्दी सङ्ख्या | २ |
| १.५ | जनसङ्ख्या र साक्षरता | २ |
| १.६ | भूउपयोगको क्षेत्र | ३ |
| **२** | **नगरपालिकाको काम कर्तव्य र अधिकार** | **४** |
| २.१ | नगरपालिकाको एकल अधिकार (२२ वटा विषयहरु) | ४ |
| २.२ | सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गर्नुपर्ने नगरपालिकाको काम, कर्तव्य र अधिकार (११ वटा विषयहरु) | ४ |
| २.३ | नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार (३ वटा विषयहरु) | ५ |
| २.३.१ | नगरपालिकाको एकल अधिकार | ५ |
| २.३.२ | सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गर्नुपर्ने नगरपालिकाको काम, कर्तव्य र अधिकार | १५ |
| २.३.३ | नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार | १९ |
| **३** | **वडा समितिको काम, कर्तव्य र अधिकार** | **२०** |
| **४** | **पदाधिकारीको काम, कर्तव्य र अधिकार** | **२४** |
| ४.१ | नगर प्रमुखको काम, कर्तव्य र अधिकार | २५ |
| ४.२ | नगर उपप्रमुखको काम, कर्तव्य र अधिकार | २५ |
| ४.३ | वडा अध्यक्षको काम, कर्तव्य र अधिकार | २६ |
| ४.४ | कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकार | २६ |
| ४.५ | वडा सदस्यको काम, कर्तव्य र अधिकार | २६ |
| **५** | **बैठक गणपूरक सङ्ख्या र निर्णय** | **२६** |
| **६** | **विषयगत समितिका पदाधिकारीको नाम पद र सम्पर्क नम्बर** | **२७** |
| **७** | **नगरपालिकाको कर्मचारी सङ्गठन संरचना** | **३३** |
| **८** | **नगरपालिकामा रहने कर्मचारीको दरबन्दीको पूर्ति भएका र रिक्त सङ्ख्या** | **३४** |
| ८.१ | नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त दरबन्दी | ३४ |
| ८.२ | वडा कार्यालयतर्फ | ३५ |
| ८.३ | संघीय सरकारबाट प्राप्त करार दरबन्दी तेरिज | ३५ |
| ८.४ | प्रदेश सरकारको प्राप्त करार दरबन्दी तेरिज | ३५ |
| ८.५ | स्थानीय तहका आन्तरिक स्रोतका कर्मचारीको दरबन्दी तेरिज | ३६ |

| | | |
|---|---|---|
| **९** | **कर्मचारीको नामथर, तह, पद, सम्पर्क नम्बर, शाखा / उपशाखा प्रमुख र थप जिम्मेवारी** | **३७** |
| **१०** | **शाखागत कार्य विवरण** | **३९** |
| **११** | **कार्य विवरण** | **४०** |
| ११.१ | प्रमुख प्रशासकीय अधिकृतको सचिवालयबाट सम्पादन हुने कामको विवरण | ४० |
| ११.२ | नगर प्रमुख तथा उपप्रमुखको सचिवालयबाट सम्पादन हुने कामको विवरण | ४१ |
| ११.३ | प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखाबाट सम्पादन हुने कामको विवरण | ४२ |
| ११.३.१ | प्रशासन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ४४ |
| ११.३.१.१ | दर्ता, चलानी तथा सोधपुछ फाँटबाट सम्पादन हुने कामको विवरण | ४५ |
| ११.३.१.२ | नगर प्रहरी फाँटबाट सम्पादन हुने कामको विवरण | ४५ |
| ११.३.२ | जिन्सी खरिद तथा आन्तरिक व्यवस्थापन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ४७ |
| ११.३.२.१. | सवारी साधन, हेभी इक्विपमेन्ट तथा यन्त्र उपकरण फाँटबाट सम्पादन हुने कामको विवरण | ४८ |
| ११.३.२.२ | फोहर मैला तथा सरसफाइ फाँटबाट सम्पादन हुने कामको विवरण | ४८ |
| ११.३.३ | योजना तथा अनुगमन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ५९ |
| ११.३.४ | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ५० |
| ११.३.४.१ | राष्ट्रिय परिचयपत्र दर्ता स्टेसनबाट सम्पादन हुने कामको विवरण | ५२ |
| ११.४ | भौतिक पूर्वाधार विकास  शाखाबाट सम्पादन हुने कामको विवरण | ५३ |
| ११.४.१ | सडक तथा अन्य पूर्वाधार विकास शाखाबाट सम्पादन हुने कामको विवरण | ५४ |
| ११.४.२ | भवन, नक्सा पास तथा वस्ती विकास उपशाखाबाट सम्पादन हुने कामको विवरण | ५६ |
| ११.४.३ | नापी तथा भूउपयोग नीति कार्यान्वयन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ५८ |
| ११.४.४ | वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ५८ |
| ११.४.४.१ | दमकल फाँटबाट सम्पादन हुने कामको विवरण | ६० |
| ११.५ | सामाजिक विकास शाखाबाट सम्पादन हुने कामको विवरण | ६१ |
| ११.५.१ | शिक्षा, युवा तथा खेलकुद विकास शाखाको कार्यविवरण | ६३ |
| ११.५.१.१ | विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा प्राविधिक शिक्षा उपशाखाबाट सम्पादन हुने कामको विवरण (विद्यालय, बालविकास केन्द्र, अनौपचारिक शिक्षा र प्रविधिक शिक्षालय समेत) | ६५ |
| ११.५.१.२ | युवा तथा खेलकुद उपशाखाबाट सम्पादन हुने कामको विवरण | ६५ |
| ११.६ | स्वास्थ्य शाखाबाट सम्पादन हुने कामको विवरण | ६६ |
| ११.६.१ | जनस्वास्थ्य प्रबर्द्धन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ६८ |
| ११.६.१.२ | स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट सम्पादन हुने कामको विवरण | ६९ |
| ११.६.१.३ | आयुर्वेद औषधालयबाट सम्पादन हुने कामको विवरण | ७० |
| ११.६.२ | महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण उपशाखाबाट सम्पादन हुने कामको विवरण | ७१ |
| ११.६.३ | पञ्जीकरण तथा सामाजिक सुरक्षा उपशाखाबाट सम्पादन हुने कार्यहरु | ७२ |
| ११.७ | कानून तथा मामिला उपशाखाबाट सम्पादन हुने कार्यहरु | ७३ |
| ११.८ | आर्थिक विकास शाखाबाट सम्पादन हुने कामको विवरण | ७४ |

| | | |
|---|---|---|
| ११.८.१ | कृषि विकास शाखाबाट सम्पादन हुने कामको विवरण (कृषि सेवा केन्द्र समेत) | ७५ |
| ११.८.२ | पशुपन्छी विकास शाखाबाट सम्पादन हुने कामको विवरण (पशु सेवा केन्द्र समेत) | ७६ |
| ११.८.३ | पर्यटन, उद्योग व्यवसाय सहकारी तथा रोजगार प्रबर्द्धन उपशाखाबाट सम्पादन हुने कामको विवरण | ७७ |
| ११.८.३.१ | पर्यटन, उद्योग व्यवसाय प्रबर्ध्दन सम्बन्धी कार्य विवरण | ७७ |
| ११.८.४ | उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन उपशाखा सम्वन्धी कार्य विवरण | ७८ |
| ११.८.५ | सहकारी उपशाखाबाट सम्वन्धी हुने कार्य विवरण | ७८ |
| ११.९.१ | राजस्व उपशाखाबाट सम्पादन हुने कामको विवरण | ७९ |
| ११.१० | आन्तरिक लेखा परीक्षण शाखाबाट सम्पादन हुने कामको विवरण | ८१ |
| ११.११ | नगरपालिकामा सञ्चालित थप कार्यक्रम तथा सेवा केन्द्रहरुबाट सम्पादन हुने कामको विवरण | ८२ |
| ११.११.१ | प्रधानमन्त्री रोजगार सेवा केन्द्रबाट सम्पादन हुने कामको विवरण | ८२ |
| ११.११.२ | राष्ट्रिय भूमि आयोग सेवा केन्द्रबाट सम्पादन हुने कामको विवरण | ८३ |
| ११.११.३ | श्रममूलक सार्वजनिक निर्माण कार्यक्रम (LIPW) बाट सम्पादन हुने कामको विवरण | ८४ |
| ११.११.४ | बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यक्रमबाट सम्पादन हुने कामको विवरण | ८४ |
| ११.१२ | वडा कार्यालयबाट सम्पादन हुने कामको विवरण | ८५ |
| ११.१२.१ | वडा स्तरीय तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने | ८५ |
| ११.१२.२ | वडाको विकास निर्माणका कार्यहरु गर्ने | ८६ |
| **१२** | **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** | **८८** |
| **१३** | **सम्पादन गरेका कामको विवरण** | **९८** |
| **१४** | **पारित गरिएका ऐन, नियम, कार्यविधि, मापदण्ड, विनियमका मस्यौदाहरुको सूची** | **१०४** |
| **१५** | **आयव्यय विवरण र प्रगति (आ.व. २०७९/८०)** | **१०५** |
| **१६** | **नगरपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण** | ११३ |
| **१७** | **निर्णय गर्ने प्रक्रिया र अधिकार** | **११३** |
| **१८** | **निर्णय उपर उजुरी प्रक्रिया र उजुरी सुन्ने अधिकारी** | **११४** |
| **१९** | **कार्यालयमा आउने गरेका गुनासो र माग गरिएका सूचनाका प्रकारहरु** | **११४** |
| **२०** | **गुनासो सुनुवाइ गर्ने निकाय र सूचना अधिकारीको विवरण** | **११५** |
| **२१** | **नगरपालिकाबाट प्रदान हुने सूचना माग तथा गुनासो सम्बन्धी सेवा** | **११६** |
| **२२** | **सूचना माग गरेको र सूचनाको हक बमोजिम सूचना उपलब्ध गराएको विवरण** | **११७** |
| **२३** | **नागरिक वडा पत्र** | **१२५** |

# १.	कार्यालयको स्वरुप र प्रकृति

## १.१	भौगोलिक स्थिति क्षेत्रफल र सिमाना

गोलबजार नगरपालिका नेपालको मधेश प्रदेशको सिरहा जिल्लामा पर्दछ । पृथ्वीको गोलार्धका हिसाबले ८६०१६'३०" देखि ८६०२४'३०" पूर्वी देशान्तर र २६०४३'००" देखि २६०५३'३०" उत्तरी अक्षांशमा अवस्थित छ । उत्तरदक्षिण लम्बाई १४ किलोमिटर र पूर्वपश्चिम चौडाइ ९ किलोमिटर रहेको गोलबजार नगरपालिकाको कुल क्षेत्रफल १११.९४ व.कि.मी. रहेको छ । यस नगरपालिकाको उत्तरमा उदयपुर जिल्ला, पश्चिमतिर मिर्चैया नगरपालिका, दक्षिणमा सुखीपुर र अर्नमा गाउँपालिका रहेका छन् भने पूर्वमा धनगढीमाई नगरपालिका पर्दछ । गोलबजार नगरपालिका पूर्वपश्चिम महेन्द्र राजमार्गको एक खण्डमा पर्दछ । तराई प्रदेशमा रहेको यस नगरपालिकाको उत्तरमा चुरे भावर क्षेत्र पर्दछ । यहाँको प्रमाणिक समयक्षेत्र युटिसी (Coordinated Universal Time) +५:४५ हो । क्षेत्रीय सङ्केत +०९७७-३३ हो ।

## १.२	नगरपालिका र वडा कायम

गोलबजार नगरपालिकालाई मिति २०७१ मङ्सिर १६ गतेको निर्णयानुसार नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा पहिले जम्मा १२ वडाहरु रहेका थिए । सिरहा जिल्लाका असनपुर, अशोपुर, बल्कवा, बेतौना, लालपुर, चन्द्रलालपुर, मुक्सार, चन्द्रोदयपुर र जमदह गाउँविकास समितिहरुलाई समेटेर गोलबजार नगरपालिका घोषणा गरिएको हो । मिति २०७२ फागुन २२ गते गोलबजार नगरपालिकामा साविकको दुर्गापुर गा.वि.स.लाई गाभेर जम्मा १३ वडा कायम गरिएको हो । साविकमा गोलबजार नगरपालिका नेपालको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत सगरमाथा अञ्चलको सिरहा जिल्लामा रहेको थियो । हाल समेत गोलबजार सिरहा जिल्लामा नै पर्दछ । गोलबजार नगरपालिकाको केन्द्र गोलबजारमा रहेको छ । नगरपालिकाको प्रशासकीय कार्यालय गोलबजारको धमिनीमाई थानको हातामा रहेको छ, जुन साविकको असनपुर गाविस कार्यालय रहेको स्थान हो ।

## १.३	जनप्रतिनिधि पदाधिकारीको सभा, कार्यपालिका र समिति गठन

नगरपालिकामा नगर प्रमुख, उपप्रमुख, १३ जना वडाध्यक्ष, ८ जना कार्यपालिका सदस्य समेत गरी २३ जनाको कार्यपालिका समिति रहेको छ । साधारण सभामा ७० जना नगर सभाका सदस्यहरु रहेका छन् । नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, योजना दीग्दर्शन तथा अन्य नीतिमा व्यवस्था भएअनुसार जनप्रतिनिधि पदाधिकारी र कर्मचारी सम्मिलित केही विषयगत समितिहरु गठन भइसकेका छन् र केही गठन हुने क्रममा रहेका छन् । राजस्व परामर्श समिति, विधायन समिति, सुशासन समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, आर्थिक विकास समिति, विधेयक समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा संस्थागत क्षमता विकास समिति, न्यायिक समिति, योजना अनुगमन तथा सुपरिवेक्षण समिति आदि गठन भई क्रियाशील भएका छन् ।

## १.४ सङ्गठन ढाँचा र कर्मचारी दरबन्दी सङ्ख्या

यस नगरपालिकाको सङ्गठन ढाँचा र कर्मचारी दरबन्दी सङ्ख्या नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँको मिति २०७५/०१/०३ मा प्रकाशित सूचना तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/१२/१४ को निर्णयबमोजिम स्वीकृत स्थानीय तहको अन्तरिम सङ्गठन संरचनाबमोजिम कायम भएको खण्ड (ङ) ५० हजारदेखि ७५ हजारसम्म जनसङ्ख्या भएका नगरपालिकाको सङ्गठन संरचना (६८ वटा) अनुसूची ५.१ मा आधारित रहेको छ । उक्त सङ्गठन ढाँचाअनुसार विभिन्न विषयगत शाखा र उपशाखाहरु रहेका छन् । प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा व्यवस्थापन शाखा, स्वास्थ्य तथा सामाजिक शाखा, कानुन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा र आन्तरिक लेखा परीक्षण एकाइहरु रहेका छन् । प्रशासन योजना तथा अनुगमन शाखाअन्तर्गत प्रशासन उपशाखा, राजस्व उपशाखा, योजना तथा अनुगमन शाखा र सूचना तथा सञ्चार प्रविधि उपशाखा रहेकाछन् । पूर्वाधार विकास तथा व्यवस्थापन शाखाअन्तर्गत सडक तथा अन्य पूरवाधार विकास उपशाखा, भवन तथा बस्ती विकास उपशाखा, नापी उप शाखा, वातावरण व्यवस्थापन उपशाखा र विपद् व्यवस्थापन उपशाखा रहेकाछन् । यसैगरी स्वास्थ्य तथा सामाजिक विकास शाखाअन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा, महिला बालबालिका तथा समाज कल्याण उपशाखा र जनस्वास्थ्य प्रबर्द्धन उपशाखा रहेका छन् । स्वास्थ्य शाखाअन्तर्गत आयुर्वेद औषधालय, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र १५ शैया अस्पताल पर्दछन् । हाल १५ शैया अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ ।

यस्तै शिक्षा युवा तथा खेलकुद शाखाअन्तर्गत बालविकास केन्द्र, पूर्व प्राथमिक विद्यालयहरु, सामुदायिक र संस्थागत विद्यालयहरु, खेलकुद विकास समिति, युवा विकास समिति, सामुदायिक सिकाइ केन्द्र र स्थानीय स्तरका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र आदि पर्दछन् । आर्थिक विकास शाखाअन्तर्गत उद्योग तथा व्यवसाय प्रबर्द्धन उप-शाखा, उपभोक्ता हित संरक्षण उप-शाखा र कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र, मत्स्य विकास केन्द्र, प्रधानमन्त्री रोजगार सेवा केन्द्र, राष्ट्रिय भूमि आयोग सेवा केन्द्र, श्रममूलक सार्वजनिक निर्माण कार्यक्रम (LIPW), गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (MEDPA) प्रसुति गृह आदि जस्ता सेवा केन्द्रहरु रहेका छन् । यसका अतिरिक्त नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम, राष्ट्रिय परिचयपत्र निवेदन दर्ता स्टेसन, नगर प्रहरी इकाई, वारुण यन्त्र इकाई र स्थानीय मेलमिलाप केन्द्र आदिजस्ता सेवा केन्द्र र कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । तेह्र वटा वडा कार्यालयहरुमा वडा प्रशासकीय प्रमुख र सामाजिक परिचालकहरु कार्यरत छन् ।

## १.५ जनसङ्ख्या र साक्षरता

केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजाअनुसार गोलबजार नगरपालिकाको जम्मा जनसङ्ख्या ६३ हजार ८८५ रहेको छ । जसमा पुरुषको

सङ्ख्या ३१ हजार ६११ जना र महिलाको सङ्ख्या ३२ हजार २७४ छ । उक्त नतिजा प्रतिवेदनमा कुल घर सङ्ख्या १३ हजार १३३ र परिवार सङ्ख्या १३ हजार २१४ रहेको उल्लेख छ । उक्त नतिजा प्रतिवेदनअनुसार परिवारको औसत आकार ४.८६ र लैङ्गिक अनुपात ९७.९५ रहेको छ । जनसङ्ख्या वृद्धिदर १.९५ प्रतिशत छ भने जनघनत्व ५७१ प्रति वर्ग किमी रहेको छ । नगरपालिकाको कुल साक्षरता प्रतिशत ६७.५० (पुरुष ७५.६३% र महिला ५९.६८%) छ ।

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| वडा नं. १ | ८३१ | ४२३० | २०८७ | २१४३ | ५.०९ | ९७.३९ |
| वडा नं. २ | १२१३ | ५७२७ | २८५८ | २८६९ | ४.७२ | ९९.६२ |
| वडा नं. ३ | ११२७ | ४९६५ | २४२५ | २५४० | ४.४१ | ९५.४७ |
| वडा नं. ४ | १३८३ | ६७५६ | ३४५९ | ३२९७ | ४.८९ | १०४.९१ |
| वडा नं. ५ | ६०४ | २९९५ | १४५२ | १५४३ | ४.९६ | ९४.१० |
| वडा नं. ६ | १८०५ | ८३७८ | ४२१२ | ४१६६ | ४.९६ | १०१.१० |
| वडा नं. ७ | ६५६ | ३१०९ | १५४१ | १५६८ | ४.६४ | ९८.२८ |
| वडा नं. ८ | ८४९ | ४१६७ | २०८१ | २०८६ | ४.९१ | ९९.७६ |
| वडा नं. ९ | ६७६ | ३४२० | १६८८ | १७३२ | ५.०६ | ९७.४६ |
| वडा नं. १० | ५७२ | ३०५२ | १५०७ | १५४५ | ५.३४ | ९७.५४ |
| वडा नं. ११ | ११८४ | ६०९८ | २९३७ | ३१६१ | ५.१५ | ९२.९१ |
| वडा नं. १२ | ११७६ | ६०१४ | २९६० | ३०५४ | ५.११ | ९६.९२ |
| वडा नं. १३ | १०५७ | ४९७४ | २४०४ | २५७० | ४.७१ | ९३.५४ |
| जम्मा | १३१३३ | ६३८८५ | ३१६११ | ३२२७४ | ४.८६ | ९७.९५ |

## १.६ भूउपयोगको क्षेत्र

यस गोलबजार नगरपालिकामा मिति २०८० जेठ महिनामा सम्पन्न गरिएको भूउपयोग वर्गीकरणको सर्वेक्षण प्रतिवेदनअनुसार सबैभन्दा बढी कृषि क्षेत्र (लगभग ३८ प्रतिशत) ले ओगटेको छ । यस्तैगरी दोस्रो स्थानमा वन क्षेत्र (लगभग २५ प्रतिशत) र तेस्रो स्थानमा आवासीय क्षेत्र (लगभग २२ प्रतिशत) ले ओगटेको पाइएको छ । वि.सं. २०७५ मा तयार गरिएको नगरपालिकाको वस्तुगत प्रोफाइलअनुसार गोलबजार नगरपालिकाको भूउपयोग हेर्दा कुल क्षेत्रफलको ६६.९६% (७४.९६ वर्ग कि.मि.) जग्गा खेतीयोग्य जमिनको रुपमा रहेको उल्लेख छ भने २४.१२% (२७ वर्ग कि.मि.) वनले ओगटेको छ । पानी क्षेत्रले ०.२८% (०.३१ वर्ग कि.मि) भू-भाग ओगटेको छ । यसरी तुलना गर्दा वि.सं. २०७५ देखि २०८० को पाँच वर्षको अवधिमा कृषि क्षेत्र ६७% तबाट २९% घटेर ३८% बाँकी रहेको देखिन्छ । ६७% तलाई शतप्रतिशत मान्दा घटेको प्रतिशत ४३ हुन आउँछ ।

## २. नगरपालिकाको काम कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ऐन नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न व्यवस्थापिका संसदले बनाएको हो । यस ऐनको परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार दिइएको छ । यसैगरी ऐनको दफा ११ मा नगरपालिकाको अधिकारको उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै उपदफा (२) मा उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ भनी खण्ड (क) देखि (फ) सम्म २२ वटा काम, कर्तव्य र अधिकारहरु तोकिएको छ ।

### २.१ नगरपालिकाको एकल अधिकार (२२ वटा विषयहरु)

नगरपालिकाको एकल अधिकार अन्तरगत नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, जग्गा धनी दर्ता प्रमाणपूर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गरी २२ प्रकारका अधिकार सूचीका विषयहरु रहेका छन् । उक्त २२ प्रकारका अधिकार सूचीका विषयहरुभित्र कुल २०० वटा काम, कर्तव्य र अधिकारहरुको विस्तृतीकरण गरिएको छ ।

### २.२ सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गर्नुपर्ने नगरपालिकाको काम, कर्तव्य र अधिकार (११ वटा विषयहरु)

सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गर्नुपर्ने नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत खेलकुद र पत्रपत्रिका, स्वास्थ्य, विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, सामाजिक सुरक्षा र गरिबी निवारण, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क, स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र ङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनः निर्माण, सुकुम्बासी व्यवस्थापन,

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र सवारी साधन अनुमति गरी कुल ११ वटा अधिकार सूचीका विषयहरु रहेका छन् । उक्त २२ प्रकारका अधिकार सूचीका विषयहरुभित्र कुल ७९ वटा काम, कर्तव्य र अधिकारहरुको विस्तृतीकरण गरिएको छ ।

### २.३ नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार (३ वटा विषयहरु)

नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार अन्तरगत भूमि व्यवस्थापन, सञ्चार सेवा र यातायात सेवा गरी तीन वटा अधिकार सूचीका विषयहरु रहेका छन् । उक्त तिन प्रकारका अधिकार सूचीका विषयहरुभित्र कुल ७ वटा काम, कर्तव्य र अधिकारहरुको विस्तृतीकरण गरिएको छ ।

### २.३.१ नगरपालिकाको एकल अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको अधिकारको व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा (१) मा नगरपालिकाको एकल अधिकारको व्यवस्था नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुने उल्लेख छ । संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिमको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

**क. नगर प्रहरी**

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुरयाउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधीकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य

## ख. सहकारी संस्था

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको सम्बर्द्धन, परिचालन र विकास ।

## ग. एफ.एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

## घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, रयाफ्टिङ, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रबर्द्धन,

(६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,

(८) स्थानीय राजस्व सम्बर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम स·ठन तथा व्यवस्थापन सर्वेक्षण गरी स·ठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, सम्बर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन**

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ-सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र सम्बर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र सम्बर्द्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार सम्बर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, सम्बर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

## ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

## ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**ढ. जग्गा धनी दर्ता प्रमाणपूर्जा वितरण**

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

**ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रबर्द्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको सम्बर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

**त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनस्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**थ. बेरोजगारको तथ्याङ्क सङ्कलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य।

**द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,
(९) प्राङ्गारिक खेती तथा मलको सम्बर्द्धन र प्रचार प्रसार,
(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा**

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,
(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,
(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र सम्बर्द्धन,
(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

**न. विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,
(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,
(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनस्र्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद्व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू–संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू–संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,

(७) ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

**फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

### २.३.२ सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गर्नुपर्ने नगरपालिकाको काम, कर्तव्य र अधिकार

नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ । दफा (४) उपदफा (३) को सर्वसामान्यतामा

प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रबर्द्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

**ख. स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूकोन्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्र्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू**

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् सो सम्बन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

**ङ. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता**

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको सम्बर्द्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन,

सङ्कलन, सम्बर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैँचा स्थापना, व्यवस्थापन र सम्बर्द्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र सम्बर्द्धन,

(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिकपालन, उपयोग र अनुगमन,

(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्को अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाङ्कन,

(२०) स्थानीयस्तरमा हरियाली सम्बर्द्धन,

(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,

(२२) रैथाने प्रजातिको संरक्षण र सम्बर्द्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

## च. सामाजिक सुरक्षा र गरिबी निवारण

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थास“ग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईंसँराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनः निर्माण ।**

**झ. सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँट ।

**ट. सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा सम्बर्द्धन ।

## २.३.३ नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार

**क. भूमि व्यवस्थापन**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू–उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

**ख. सञ्चार सेवा**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र सम्बर्द्धन गर्ने ।

**ग. यातायात सेवा**

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

## ३. वडा समितिको काम, कर्तव्य र अधिकार

गोलबजार नगरपालिकाको नगरकार्यपालिकाबाट जारी "नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४" नियम ४ को उपनियम (३) सँग सम्बन्धित अनुसूची-३ मा वडा समितिबाट सम्पादित हुने कार्यहरुको सूची उल्लेख छ । कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुने गरी तोक्नु पर्ने प्रावधान छ:

**क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन (३ वटा)**

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**ख. तथ्याङ्क अद्यावधिक तथा संरक्षण (३ वटा)**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती \ जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा,

गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

## ग. विकास कार्य (४१ वटा)

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रबर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधिको माग सङ्कलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रबर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने,

(२४) घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रबर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपा·ता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबिच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पु¥याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रबर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रबर्द्धन गर्ने ।

**घ. नियमन कार्य (६ वटा)**

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

**ङ. सिफारिस तथा प्रमाणित गर्ने (३५ वटा)**

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हु“दै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्गरेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक–फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,
(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,
(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
(२२) जीवित रहेको सिफारिस गर्ने,
(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,
(२४) नामसारी गर्न सिफारिस गर्ने,
(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,
(२८) जग्गा मूल्याङ्कन सिफारिस गर्ने,
(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,
(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,
(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,
(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,
(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,
(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

## ४. पदाधिकारीको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन, २०७९ को दफा २ को खण्ड (ढ) को परिभाषा अनुसार पदाधिकारी : कार्यपालिकाको अध्यक्ष, प्रमुख, उपाध्यक्ष, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्यहरु बुझ्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने र उपदफा (२) मा कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्ने प्रावधान छ । उक्त प्रावधान अनुसार गोलबजार नगरपालिकाद्वारा जारी "नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४" नियम ४ को उपनियम (४) सँग सम्बन्धित अनुसूची-४ (प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार) बमोजिम समेत उल्लेख छ । कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा

कम्तीमा १६ को उपदफा (४) बमोजिम हुने गरी तोक्नु पर्ने प्रावधान छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) बमोजिम नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यको काम, कर्तव्य अधिकार देहाय बमोजिम रहेको छ:

## ४.१ नगर प्रमुखको काम, कर्तव्य र अधिकार

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) दफा १२ को खण्ड ङ. बमोजिम वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

## ४.२ नगर उपप्रमुखको काम, कर्तव्य र अधिकार

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(३) गैरसरकारी सङ्घ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

(७) सात दिनभन्दा बढी समय नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(८) सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने

### ४.३ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) वडा समितिको अध्यक्ष भई कार्य गर्ने,

(२) वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,

(३) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने,

(४) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,

(५) दफा १२ को खण्ड ङ मा उल्लिखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धी कार्य गर्ने,

(६) सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,

(७) कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।

### ४.४ कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकार

(१) कार्यपालिकाको बैठकमा भाग लिने,

(२) अध्यक्ष वा प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई तोकिएको कार्य गर्ने,

(३) नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(४) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

### ४.५ वडा सदस्यको काम, कर्तव्य र अधिकार

(१) वडा समितिको बैठकमा भाग लिने,

(२) वडाध्यक्षको अनुपस्थितिमा वडाध्यक्षले तोकेबमोजिम कार्यवाहक वडाध्यक्ष भई कार्य गर्ने

(३) नगरपालिकामा अनुपस्थित हुने भएमा वडा अध्यक्षलाई जानकारी गराउने,

(४) वडाध्यक्षले तोकेका अन्य कामहरु गर्ने ।

## ५. बैठक गणपूरक सङ्ख्या र निर्णय

कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । कार्यपालिकाको बैठकको

निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ ।

## ६. विषयगत समितिका पदाधिकारीको नाम पद र सम्पर्क नम्बर

**१. राजस्व परामर्श समिति**

| क.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | उपप्रमुख | मान्ती साह | संयोजक | ९८५२८३७००२ |
| २ | प्रमुख प्रशासकीय अधिकृत | अनन्तकुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ३ | का.पा.सदस्य | पूलेश्वर नायक | सदस्य | ९८४२८६६३२९ |
| ४ | वडा अध्यक्ष | हरिशरण ठाकुर | सदस्य | ९८५२८३७००९ |
| ५ | उद्योग वाणिज्य सङ्घ प्रतिनिधि | | सदस्य | |
| ६ | राजस्व शाखा प्रमुख | अमलेश कुमार सिंह | सदस्य सचिव | ९८५२८४०३६६ |

**२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

| क.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्याम कुमार श्रेष्ठ | संयोजक | ९८५२८३७००१ |
| २ | नगर उपप्रमुख | मान्ती साह | सदस्य | ९८५२८३७००२ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | अनन्तकुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ४ | वडाध्यक्ष | देवनारायण महतो | सदस्य | ९८५२८३७०१० |
| ५ | वडाध्यक्ष | बालकृष्ण गौतम | सदस्य | ९८५२८३७००८ |
| ६ | कार्यपालिका सदस्य | प्रभा कुमारी सिंह | सदस्य | ९८२४७३८१६७ |
| ७ | योजना शाखा प्रमुख | नविन कौशल | सदस्य सचिव | ९८६२१६३८०९ |

**३. बजेट तथा कार्यक्रम तर्जुमा समिति**

| क.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर उपप्रमुख | मान्ती साह | संयोजक | ९८५२८३७००२ |
| २ | वडा अध्यक्ष | सुरेन्द्र कुमार सिंह | सदस्य | ९८५२८३७०११ |
| ३ | कार्यपालिका सदस्य | फूलेश्वर नायक | सदस्य | ९८४२८६६३२९ |
| ४ | वडा अध्यक्ष | नन्द कुमार महतो | सदस्य | ९८५२८३७०१५ |
| ५ | वडा अध्यक्ष | हरिशरण ठाकुर | सदस्य | ९८५२८३७००९ |
| ६ | वडा अध्यक्ष | सञ्जीत लामा | सदस्य | ९८५२८३७००७ |
| ७ | वडा अध्यक्ष | धन प्रसाद लामा | सदस्य | ९८५२८३७००५ |
| ८ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ९ | आर्थिक प्रशासन प्रमुख | शेखर पराजुली | सदस्य सचिव | |

**४. आर्थिक विकास समिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | देव नारायण महतो | संयोजक | ९८५२८३७०१० |

| | | | | |
|---|---|---|---|---|
| २ | कार्यपालिका सदस्य | फूलेश्वर नायक | सदस्य | ९८४२८६६३२९ |
| ३ | वडा अध्यक्ष | सकल देव यादव | सदस्य | ९८५२८३७००६ |
| ४ | आर्थिक प्रशासन प्रमुख | शेखर पराजुली | सदस्य सचिव | |

**५. सामाजिक विकास समिति**

| क.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | सोहेब अनवर | संयोजक | ९८५२८३७०१३ |
| २ | वडाध्यक्ष | सुकदेव सिंह | सदस्य | ९८५२८३७००४ |
| ३ | कार्यपालिका सदस्य | गीता कुमारी आले थापा मगर | सदस्य | ९८१४७२२४५१ |
| ४ | शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख | सुबोध कुमार लामा | सदस्य सचिव | ९८४१७५८३४४ |

**६. पूर्वाधार विकास समिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | सञ्जीव लामा | संयोजक | ९८५२८३७००७ |
| २ | वडा अध्यक्ष | गणेश मुखिया | सदस्य | ९८५२८३७०१४ |
| ३ | वडा अध्यक्ष | देव बहादुर थापा मगर | सदस्य | ९८५२८३७००३ |
| ४ | योजना शाखा प्रमुख | नवीन कौशल | सदस्य सचिव | ९८६२१६३८०९ |

**७. वातावरण तथा विपद् व्यवस्थापन समिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | सुकदेव सिंह | संयोजक | ९८५२८३७००४ |
| २ | कार्यपालिका सदस्य | राम प्रसाद पासवान | सदस्य | ९८०७७५४३५७ |
| ३ | कार्यपालिका सदस्य | इन्दिरा मगर | सदस्य | ९८०३८०१६१९ |
| ४ | सरसफाई संयोजक | सहेन्द्र कुमार यादव | सदस्य सचिव | ९८५२८३२५५४ |

**८. सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | उपेन्द्र मुखिया | संयोजक | ९८५२८३७०१२ |
| २ | कार्यपालिका सदस्य | उषा धमला | सदस्य | ९८४३३४२२६१ |
| ३ | कार्यपालिका सदस्य | सनेचरिदेवी महरा | सदस्य | ९८०७७२२०६८ |
| ४ | प्रशासन शाखा प्रमुख | राम नारायण महतो | सदस्य सचिव | ९८५२८३३४२४ |

**१०. विधेयक समिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | नन्द कुमार महतो | संयोजक | ९८५२८३७०१५ |
| २ | वडा अध्यक्ष | हरिशरण ठाकुर | सदस्य | ९८५२८३७००९ |
| ३ | कार्यपालिका सदस्य | सुशिल मुखिया | सदस्य | ९८०७७४५६७८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | कानुन शाखा प्रमुख | | सदस्य सचिव | |

**११. न्यायिक समिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर उपप्रमुख | मान्ती साह | संयोजक | ९८५२८३७००२ |
| २ | वडा अध्यक्ष | | सदस्य | |
| ३ | कार्यपालिका महिला सदस्य | तारा कुमारी महतो | सदस्य | ९८१९७१२३८० |

**१२. नगर शिक्षा समिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्याम कुमार श्रेष्ठ | अध्यक्ष | ९८५२८३७००१ |
| २ | कार्यपालिका सदस्य | | सदस्य(महिला) | |
| ३ | कार्यपालिका सदस्य | | सदस्य | |
| ४ | वि.व्य.स. अध्यक्ष | | सदस्य | |
| ५ | समाजसेवी/ शिक्षाप्रेमी | | सदस्य (दलित) | |
| ६ | समाजसेवी/ शिक्षाप्रेमी | | सदस्य(महिला) | |
| ७ | समाजसेवी/ शिक्षाप्रेमी | | सदस्य(महिला) | |
| ८ | सामुदायिक/संस्थागत विद्यालयका प्रअ | | सदस्य(महिला) | |
| ९ | सामुदायिक/संस्थागत विद्यालयका प्रअ | | सदस्य | |
| १० | अपाङ्गता सम्बन्धी शिक्षण संस्थाका व्यक्ति | | सदस्य | |
| ११ | शिक्षा शाखा प्रमुख/ विद्यालय निरीक्षक | सुबोध कुमार लामा | सदस्य सचिव | ९८४१७५८३४४ |

**१३. योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

| क्र.सं. | पदाधिकारी/ कर्मचारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर उप-प्रमुख | मान्ती साह | संयोजक | ९८५२८३७००२ |
| २ | महिला का.पा. सदस्य | उषा देवी धमला. | सदस्य | ९८४३३४२२६१ |
| ३ | का.पा. सदस्य | | सदस्य | |
| ४ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ५ | योजना / प्राविधिक शाखा प्रमुख | नवीन कौशल | सदस्य सचिव | ९८६२१६३८०९ |

**१४. श्रममूलक सार्वजनिक निर्माण कार्य (LIPW) नगर समन्वय समिति (MCC)**

| क्र.सं. | पदाधिकारी/ कर्मचारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्याम कुमार श्रेष्ठ | अध्यक्ष | ९८५२८३७००१ |
| २ | उपप्रमुख | मान्ती साह | उपाध्यक्ष | ९८५२८३७००२ |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ४ | कार्यपालिका सदस्य | फुलेश्वर नायक | सदस्य | ९८४२८६६३२९ |
| ५ | कार्यपालिका सदस्य | प्रभा कुमारी सिंह | सदस्य | ९८२४७३८१६७ |
| ६ | कार्यपालिका सदस्य | शनिचरी देवी महरा | सदस्य | ९८०७७२२०६८ |
| ७ | इन्जिनियर | नवीन कौशल | सदस्य | ९८६२१६३८०९ |
| ८ | शाखा प्रमुख | रामनारायण महतो | सदस्य | ९८५२८३३४२४ |
| ९ | आर्थिक प्रशासन प्रमुख | शेखर पराजुली | सदस्य | |
| १० | स.तथा वा. शाखा प्रमुख | सहेन्द्र कुमार यादव | सदस्य | ९८५२८३२५५४ |
| ११ | प्रधानमन्त्री रोजगार संयोजक | सुरेश ठाकुर | सदस्य सचिव | ९८५२८३२००९ |

**१५. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत मुल समिति: उद्यम विकास समिति**

| क्र.सं. | पदाधिकारी/ कर्मचारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्याम कुमार श्रेष्ठ | अध्यक्ष | ९८५२८३७००१ |
| २ | आर्थिक तथा योजना हेर्ने संयोजक | देव नारायण महतो | सदस्य | ९८५२८३७०१० |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ४ | कार्यपालिका सदस्य | तारा कुमारी महतो | सदस्य | ९८१९७१२३८० |
| ५ | महिला उद्यमि प्रतिनिधि | खेम लक्ष्मी श्रेष्ठ | सदस्य | ९८४२८५१०३१ |
| ६ | व्यवसाय प्रतिनिधि | राज किशोर महतो | सदस्य | |
| ७ | रोजगार संयोजक | सुरेश ठाकुर | सदस्य सचिव | ९८५२८३२००९ |

**१६. प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) अन्तर्गत मूल समितिः रोजगारीको हक संरक्षण स्थानीय निर्देशक समिति**

| क्र.सं. | पदाधिकारी/ कर्मचारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्याम कुमार श्रेष्ठ | अध्यक्ष | ९८५२८३७००१ |
| २ | उपप्रमुख | मान्ती साह | सदस्य | ९८५२८३७००२ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |
| ४ | वडा अध्यक्ष | सञ्जीत लामा | सदस्य | ९८५२८३७००७ |
| ५ | वडा अध्यक्ष | नन्द कुमार महतो | सदस्य | ९८५२८३७०१५ |
| ६ | प्रधानमन्त्री रोजगार संयोजक | सुरेश ठाकुर | सदस्य सचिव | ९८५२८३२००९ |

**१८. अपाङ्गता परिचय पत्र वितरण स्थानीय समन्वय समिति**

| क्र.सं. | पदाधिकारी/ कर्मचारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | उपप्रमुख | मान्ती साह | उपाध्यक्ष | ९८५२८३७००२ |
| २ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य | ९८५२८२७१११ |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रधानाध्यापक, जनता नमुना मा.वि. चन्द्रलालपुर | ब्रह्मदेव महतो | सदस्य | ९८५२८३४०७२ |
| ४ | स्वास्थ्य शाखा प्रमुख | सरोज कुमार कर्ण | सदस्य | ९८०४७८३२९७ |
| ५ | ईलाका प्रहरी प्रमुख | | सदस्य | |
| ६ | सङ्घसंस्था प्रतिनिधि | रविन कुमार महरा | सदस्य | ९८१९४६३४४७ |
| ७ | अपाङ्गता भएको व्यक्ति गोलबाजर न.पा. १३ | श्रवण कुमार महतो | सदस्य | ९८६२९९९४९६ |
| ८ | अपाङ्गता भएको व्यक्ति गोलबाजर न.पा. १ | दु:खि चौधरी | सदस्य | ९८२३४९६७४६ |
| ९ | नगरपालिकाको कर्मचारी | सुनिल कुमार यादव | सदस्य | ९८४२८५९५५६ |
| १० | शाखा प्रमुख | नानीमैया खपाङ्गी मगर | सदस्य सचिव | ९८६२८४५०६५ |

**१९. जग्गाको खण्डीकरण तथा नियन्त्रण कार्यान्वयन समिति**

| क्र.सं. | पदाधिकारी/ कर्मचारीको नाम, थर | | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्याम कुमार श्रेष्ठ | अध्यक्ष | ९८५२८३७००१ |
| २ | वडा अध्यक्ष-वडा नं. १ | देव बहादुर मगर | सदस्य | ९८५२८३७००३ |
| ३ | वडा अध्यक्ष-वडा नं. २ | सुकदेव सिंह | सदस्य | ९८५२८३७००४ |
| ४ | वडा अध्यक्ष-वडा नं. ३ | धनप्रसाद लामा | सदस्य | ९८५२८३७००५ |
| ५ | वडा अध्यक्ष-वडा नं. ४ | सकलदेव यादव | सदस्य | ९८५२८३७००६ |
| ६ | वडा अध्यक्ष-वडा नं. ५ | बालकृष्ण गौतम | सदस्य | ९८५२८३७००८ |
| ७ | वडा अध्यक्ष-वडा नं. ६ | सञ्जीत लामा | सदस्य | ९८५२८३७००७ |
| ८ | वडा अध्यक्ष-वडा नं. ७ | हरिसरण ठाकुर | सदस्य | ९८५२८३७००९ |
| ९ | वडा अध्यक्ष-वडा नं. ८ | देव नारायण महतो | सदस्य | ९८५२८३७०१० |
| १० | वडा अध्यक्ष-वडा नं. ९ | सुरेन्द्र कुमार सिंह | सदस्य | ९८५२८३७०११ |
| ११ | वडा अध्यक्ष-वडा नं. १० | उपेन्द्र कुमार मुखिया | सदस्य | ९८५२८३७०१२ |
| १२ | वडा अध्यक्ष-वडा नं. ११ | सोहेव अनवर | सदस्य | ९८५२८३७०१३ |
| १३ | वडा अध्यक्ष-वडा नं. १२ | गणेश कुमार मुखिया | सदस्य | ९८५२८३७०१४ |
| १४ | वडा अध्यक्ष-वडा नं. १३ | नन्द कुमार महतो | सदस्य | ९८५२८३७०१५ |
| १५ | कृषि विकास अधिकृत | रामनारायण महतो | सदस्य | ९८५२८३३४२४ |
| १६ | इन्जिनियर | नवीन कौशल | सदस्य | ९८६२१६३८०९ |
| १७ | कार्यपालिका सदस्य | उषादेवी धमला | सदस्य | ९८४३३४२२६१ |
| १८ | कार्यपालिका सदस्य | गीता कुमारी आले थापा मगर | सदस्य | ९८१४७२२४५१ |
| १९ | कार्यपालिका सदस्य | सुशिल मुखिया | सदस्य | ९८०७७४५६७८ |
| २० | कार्यपालिका सदस्य | फुलेश्वर नायक | सदस्य | ९८४२८६६३२९ |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | अनन्त कुमार पौड्याल | सदस्य सचिव | ९८५२८२७१११ |

## २०. सामुदायिक मेलमिलाप केन्द्रका तालिम प्राप्त मेलमिलापकर्ताहरुको सूची

| क्र.सं. | नाम | ठेगाना | मोबाइल नं. |
|---|---|---|---|
| १ | सुलेन कुमार पासमान | गोलबजार नगरपालिका, वडा नं.-१ | ९८१६७६०३२८ |
| २ | राम दुलार यादव | गोलबजार नगरपालिका, वडा नं.-१ | ९८१४७२८८७३ |
| ३ | निर्माला जर्घा मगर | गोलबजार नगरपालिका, वडा नं.-१ | ९८२५७५४५९५ |
| ४ | रेणुदेवी महतो | गोलबजार नगरपालिका, वडा नं.-२ | ९८०५९१६८३२ |
| ५ | बिजय कुमार साह | गोलबजार नगरपालिका, वडा नं.-२ | ९८१६७९२०७७ |
| ६ | भिम कुमारी गरन्जा | गोलबजार नगरपालिका, वडा नं.-२ | ९८१५७६९९६६ |
| ७ | अनिता कुमारी साह | गोलबजार नगरपालिका, वडा नं.-३ | ९८२५७९५८५१ |
| ८ | ममता कुमारी यादव | गोलबजार नगरपालिका, वडा नं.-४ | ९८०५९०६६६१ |
| ९ | निलम देवी साह | गोलबजार नगरपालिका, वडा नं.-४ | |
| १० | सूजना यादव | गोलबजार नगरपालिका, वडा नं.-४ | ९८०४७०६५०६ |
| ११ | मधु कुमारी मल्लिक | गोलबजार नगरपालिका, वडा नं.-५ | ९८४४१३५६४१ |
| १२ | अमिरका साह | गोलबजार नगरपालिका, वडा नं.-५ | ९८०३४९३५२५ |
| १३ | राजेश कुमार सिंह | गोलबजार नगरपालिका, वडा नं.-५ | ९८०७७७२१४५ |
| १४ | राम किसुन यादव | गोलबजार नगरपालिका, वडा नं.-६ | ९८१९९१२३३९ |
| १५ | सरिता कुमारी गुप्ता | गोलबजार नगरपालिका, वडा नं.-६ | ९८१५७६४१५२ |
| १६ | सरिता थापा | गोलबजार नगरपालिका, वडा नं.-६ | ९८४९११५८६८ |
| १७ | मनिका सिंह | गोलबजार नगरपालिका, वडा नं.-७ | ९८०७७०९५४० |
| १८ | राम प्रसाद लामा | गोलबजार नगरपालिका, वडा नं.-७ | ९८१९७९३८४८ |
| १९ | जय प्रकास प्रसाद साह | गोलबजार नगरपालिका, वडा नं.-८ | ९८१४७१३१८६ |
| २० | श्रवण कुमार सिंह | गोलबजार नगरपालिका, वडा नं.-९ | ९८४२८०७८८५ |
| २१ | सुनिता कुमारी महरा | गोलबजार नगरपालिका, वडा नं.-९ | ९८२१७८१२९९ |
| २२ | आकाश कुमार आले | गोलबजार नगरपालिका, वडा नं.-१० | ९८०५१३५०२५ |
| २३ | मञ्जुर अहमद | गोलबजार नगरपालिका, वडा नं.-११ | ९८१७७९५०७७ |
| २४ | आरती कुमारी साह | गोलबजार नगरपालिका, वडा नं.-११ | ९८१७७९०९०८ |
| २५ | विमला कुमारी राय | गोलबजार नगरपालिका, वडा नं.-१२ | ९८१४७४६०९४ |
| २६ | रमेश कुमार लामा | गोलबजार नगरपालिका, वडा नं.-१२ | ९७४८४५३७५७ |
| २७ | पुनम कुमारी महतो | गोलबजार नगरपालिका, वडा नं.-१३ | ९८२७२०४४८५ |

## ७. नगरपालिकाको कर्मचारी सङ्गठन संरचना



## ८. नगरपालिकामा रहने कर्मचारीको दरबन्दीको पूर्ति भएका र रिक्त सङ्ख्या

### ८.१ नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त दरबन्दी

| क्र.स. | पद नाम | तह | सेवा | समूह | उप-समूह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | १ | ० | |
| ३ | सिनियर डिभिजनल इन्जिनियर | ९/१० | इन्जि. | सिभिल | | १ | ० | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | ० | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | ० | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | १ | ० | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | १ | ० | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | बि.ए.आ. | १ | ० | १ | |
| ९ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | १ | ० | |
| १० | आ.ले.प. अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | ० | १ | |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ३ | ० | ३ | |
| १२ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | १ | ० | |
| १३ | हेल्थ असिष्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | १ | ० | |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | ० | ५ | |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ | १ | ० | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | ० | १ | |
| १७ | सब-ईन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | १ | १ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | ० | १ | |
| १९ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | १ | ० | |
| २० | अमिन | ४ | इन्जि. | सर्भे | | १ | १ | ० | |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ३ | २ | १ | |
| २२ | स.ले.प. | ४ | प्रशासन | लेखा | | १ | ० | १ | |
| २३ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | १ | ० | |
| | **कार्यालयतर्फ जम्मा** | | | | | **३२** | **१२** | **२०** | |

## ८.२ वडा कार्यालयतर्फ

| क्र.स. | पद नाम | तह | सेवा | समूह | उप-समूह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ६ | १ | ५ | |
| २. | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ६ | ० | ६ | |
| ३. | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ७ | ७ | ० | |
| ४ | अ.सब -इञ्जिनियर | चौथो | इन्जि. | सिभिल | | ७ | ३ | ४ | |
| | **वडाकार्यालयको जम्मा** | | | | | **२६** | **११** | **१५** | |
| | **नगरपालिका र वडा दुवैको जम्मा** | | | | | **५८** | **२३** | **३५** | |

## ८.३ संघीय सरकारबाट प्राप्त करार दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | स्वीकृत दरबन्दी | पदपूर्ति भएको | रिक्त रहेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक | छैठौं | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |
| २ | एम.आई.एस. अपरेटर | पाँचौ | २ | १ | १ | संघ तर्फको करार कर्मचारी |
| ३ | प्राविधिक सहायक (रोजगार) | पाँचौ | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |
| ४ | रोजगार सहायक | पाँचौ | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |
| ५ | समाजिक परिचालक (रोजगार) | पाँचौ | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |
| ६ | फिल्ड सहायक | चौथो | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |
| ७ | उद्यम विकास सहजकर्ता | पाँचौ | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |
| ८ | उद्यम विकास सहजकर्ता | चौथो | १ | १ | ० | संघ तर्फको करार कर्मचारी |

## ८.४ प्रदेश सरकारको प्राप्त करार दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | स्वीकृत दरबन्दी | पदपूर्ति भएको | रिक्त रहेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | अधिकृत | १ | ० | १ | PLGSP तर्फको करार कर्मचारी |
| २ | ल्याब टेक्निसियन | पाँचौ | १ | १ | ० | जनस्वास्थ्य ल्याब करार |

## ८.५ स्थानीय तहका आन्तरिक स्रोतका कर्मचारीको दरबन्दी तेरिज

| क्र. सं. | पद | तह | स्वीकृत दरबन्दी | पदपूर्ति भएको | रिक्त रहेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कानुन सल्लाहकार | अधिकृतस्तर | १ | ० | १ | आन्तरिक तर्फको करार कर्मचारी |
| २ | सहायक कर्मचारी | पाचौं | १ | ० | १ | आन्तरिक तर्फको करार कर्मचारी |
| ३ | स्टाफ नर्स/ एस.बि.ए.अनमी | पाँचौ | १ | ० | १ | आन्तरिक तर्फको करार कर्मचारी (बर्थिङ सेन्टर) |
| ४ | नगर प्रहरी (स.ई.) | पाँचौ | १ | ० | १ | आन्तरिक तर्फको करार कर्मचारी |
| ५ | प्राविधिक सहायक | चौथो | १ | १ | ० | आन्तरिक तर्फको अस्थायी कर्मचारी |
| ६ | नगर प्रहरी (अ.स.ई.) | चौथो | ४ | ० | ४ | आन्तरिक तर्फको करार कर्मचारी |
| ७ | प्राविधिक सहायक | चौथो | १ | १ | ० | आन्तरिक तर्फको अस्थायी कर्मचारी |
| ८ | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ११ | ३ | ८ | आन्तरिक तर्फको करार कर्मचारी |
| ९ | सहायक कर्मचारी | सहायक चौथो | ५ | ५ | ० | आन्तरिक तर्फको स्थायी कर्मचारी (साविक गा.वि.स.) |
| १० | सरसफाई सुपरभाईजर | सहायक चौथो | १ | १ | ० | आन्तरिक तर्फको करार कर्मचारी |
| ११ | अ.न.मी. | चौँथो | ५ | ० | ५ | आन्तरिक तर्फको करार कर्मचारी |
| १२ | अ.हे.व. | चौथो | ४ | ० | ४ | आन्तरिक तर्फको करार कर्मचारी |
| १३ | समाजिक परिचालक | सहायक चौथो | ९ | ९ | ० | आन्तरिक तर्फको करार कर्मचारी |
| १४ | नगर प्रहरी | तेश्रो तह | २० | ० | २० | आन्तरिक तर्फको करार कर्मचारी |
| १५ | मुखिया | तेश्रो तह | १ | १ | ० | आन्तरिक तर्फको स्थायी कर्मचारी |
| १६ | कार्यालय सहयोगी | श्रेणीविहिन (द्वितिय) | २ | २ | ० | आन्तरिक तर्फको स्थायी कर्मचारी |
| १७ | कार्यालय सहयोगी | श्रेणीविहिन | ३० | १६ | १४ | आन्तरिक तर्फको ज्यालादारीमा |

| क्र. सं. | पद | तह | स्वीकृत दरबन्दी | पदपूर्ति भएको | रिक्त रहेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १८ | हेभी सवारी चालक | श्रेणीविहीन | ९ | ८ | १ | आन्तरिक तर्फको करार कर्मचारी |
| १९ | हल्का सवारी चालक | श्रेणीविहीन | २ | २ | ० | आन्तरिक तर्फको करार कर्मचारी |
| २० | सुरक्षा गार्ड | श्रेणीविहीन | १ | १ | ० | आन्तरिक तर्फको करार कर्मचारी |
| २१ | स्वीपर/मेस्तर | श्रेणीविहीन | २५ | ९ | १६ | आन्तरिक तर्फको करार कर्मचारी |

## ९. कर्मचारीको नामथर, तह, पद, सम्पर्क नम्बर र शाखा / उपशाखा प्रमुख र थप जिम्मेवारी

| क्र. सं. | नाम,थर | तह | पद | सम्पर्क नम्बर | शाखा/उपशाखा/ सेवा केन्द्र प्रमुख र थप जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | अनन्त कुमार पौड्याल | दशौं | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८२७१११ | |
| २ | रामनारायण महतो | आठौं | कृषि विकास अधिकृत | ९८५२८३३४२४ | कृषि सेवा केन्द्र र आर्थिक विकास |
| ३ | सरोज कुमार कर्ण | सातौं | जनस्वास्थ्य अधिकृत | ९८०४७८३२९७ | स्वास्थ्य शाखा र सामाजिक विकास |
| ४ | सुबोध कुमार लामा | सातौं | शाखा अधिकृत (प्रा.) | ९८४१७५८३४४ | शिक्षा शाखा र सूचना अधिकारी |
| ५ | बैजनाथ महतो | सातौं | वरिष्ठ कविराज निरीक्षक | ९८६२९६०५९४ | आयुर्वेद औषधालय र राष्ट्रिय परिचयपत्र |
| ६ | नवीन कौशल | छैठौं | इन्जिनियर | ९८६२१६३८०९ | योजना, अनुगमन शाखा र पूर्वाधार विकास |
| ७ | महेश कुमार राय | छैठौं | पशु सेवा अधिकृत | ९८४२८६५०२३ | पशु सेवा केन्द्र |
| ८ | लक्ष्मी नारायण यादव | छैठौं | कविराज निरीक्षक | ९८६२८४०४४९ | उपभोक्ता हित उपशाखा |
| ९ | निरन्जन शाक्य | छैठौं | जनस्वास्थ्य निरीक्षक | ९८५१२००३७५ | जनस्वास्थ्य प्रबर्द्धन उपशाखा र प्रशासन शाखा |
| १० | निरन्जन शाक्य | छैठौं | ज.स्वा. निरिक्षक | ९८५१२००३७५ | भूमि आयोग र LISA |
| ११ | सुरेश ठाकुर | छैठौं | रोजगार संयोजक | ९८१५७९११६४ | प्रधानमन्त्री रोजगार सेवा र LIPW |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | | छैठौं | कानून अधिकृत | | कानून शाखा |
| १३ | रामवृक्ष महतो | छैठौं | कम्प्युटर अपरेटर (विविध) | | राजस्व तथा सूचना प्रविधि उपशाखा |
| १४ | रमेश कुमार सिंह | पाचौं | कम्प्युटर अपरेटर (विविध) | ९८४००१५०१८ | कम्प्युटर (योजना शाखा) |
| १५ | शेखर पराजुली | पाँचौ | लेखा | | आर्थिक प्रशासन शाखा |
| १६ | नानीमैया खपाङ्गी मगर | चौथो | सहायक महिला निरीक्षक | ९८६२८४५०६५ | महिला बालबालिका उपशाखा र सहकारी |
| १७ | विरेन्द्र कुमार यादव | पाँचौ | प्राविधिक सहायक (मत्स्य) | ९८४२१२६०६५ | विपद् उपशाखा र किसान सूचीकरण |
| १८ | रमेश प्रसाद गौतम | चौथो | प्रशासन सहायक | ९८४२८३९२९५ | कर्मचारी प्रशासन उपशाखा |
| १९ | अमलेश कुमार सिंह | चौथो | प्रशासन सहायक | ९८५२८४०३६६ | खरिद उपशाखा र उद्योग व्यवसाय |
| २० | रन्जित प्रसाद महतो | चौथो | नापी सर्वेक्षक | ९८६१५१५९८३ | नापी उपशाखा र भूमि वर्गीकरण |
| २१ | रमेश कुमार यादव | पाँचौ | सब-इन्जिनियर | ९८४७३८०७२७ | सडक तथा पूर्वाधार उपशाखा |
| २२ | श्रीराम साह | चौथो | अ.सब-ईन्जिनियर | ९८६११६२४९९ | भवन वस्ती विकास उपशाखा |
| २३ | विवेक कुमार यादव | चौथो | अ.सब-ईन्जिनियर | ९८४६२६०४३८ | खानेपानी र सरसफाई सम्पर्क |
| २४ | नवीन कर्ण | चौथो | अ.सब-ईन्जिनियर | ९८६५२२४५२० | पर्यटन सेवा केन्द्र |
| २५ | उज्वल वि.क. | पाचौं | एम.आई. एस.अपरेटर | ९८४३५९०६५९ | पञ्जीकरण र विद्यालय तथ्याङ्क |
| २६ | सहेन्द्र कुमार यादव | चौथो | सरसफाई संयोजक | ९८४२८५९५५६ | सरसफाइ उपशाखा |
| २७ | सहेन्द्र कुमार यादव | चौथो | प्रशासन सहायक | ९८५२८३२५५४ | न्यायिक समिति सचिवालय, उजुरी दर्ता |
| २८ | रञ्जना सिंह | चौथो | उद्यम सहजकर्ता | ९८१५७४३६९५ | लद्यु उद्यम विकास कार्यक्रम ( MEDPA) |
| २९ | अनिता कुमारी साह | | पोषण स्वयम् सेवक | ९८०७७३७०११ | बहुक्षेत्रीय पोषण कार्यक्रम |
| ३० | मदन कुमार सुसलिङ्ग | चौथो | वडा प्रशासकीय प्रमुख | ९८४२८६००१२ | वडा नं.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | राम किशोर पण्डित | चौथो | वडा प्रशासकीय प्रमुख | ९८४२८६४५६६ | वडा नं.२ |
| ३२ | भीम बहादुर पाख्रिन | तेस्रो | वडा प्रशासकीय प्रमुख | ९८४२८४०९७४ | वडा नं.३ |
| ३३ | हरिलाल मोची | चौथो | वडा प्रशासकीय प्रमुख | ९८१९९३७७०० | वडा नं.५ |
| ३४ | तारणी प्रसाद सुनुवार | चौथो | वडा प्रशासकीय प्रमुख | ९८४५१२५९८६ | वडा नं.४ |
| ३५ | दिनेश कुमार साह | चौथो | वडा प्रशासकीय प्रमुख | ९८४४२२०७३३ | वडा नं.६ |
| ३६ | भरत पण्डित | चौथो | वडा प्रशासकीय प्रमुख | ९८४२८२५७९६ | वडा नं.७ |
| ३७ | भरत पण्डित | पाचौँ | वडा प्रशासकीय प्रमुख | ९८१७७४३८३० | वडा नं. ८ |
| ३८ | प्रदीप कुमार महरा | चौथो | वडा प्रशासकीय प्रमुख | ९८६०५९६५२० | वडा नं. ९ |
| ३९ | सरोज कुमार यादव | चौथो | वडा प्रशासकीय प्रमुख | ९८५२८३४७७९ | वडा नं.१० |
| ४० | अर्जिलाल महतो | चौथो | वडा प्रशासकीय प्रमुख | ९८६२९९०७१४ | वडा नं.११ |
| ४१ | सुनिल कुमार यादव | चौथो | फिल्ड सहायक | ९८६२९९०७१४ | वडा नं.१२ (वडा प्रशासकीय प्रमुख) |
| ४२ | राजप्रसाद लामा | पाँचौ | वडा प्रशासकीय प्रमुख | ९८४२८९२४८४ | वडा नं.१३ |
| ४३ | सूरज कुमार लामा | तेस्रो | फायर फाइटर | ९८६३७८९३५९ | दमकल र हलुका सवारी चालक |

## १०. शाखागत कार्य विवरण

गोलबजार नगर कार्यपालिकाको कार्यालयको स्वीकृत संगठन संरचना अनुसार गठन तथा पुनर्गठन हुने देहायमा उल्लेखित शाखाहरू (सो अन्तर्गत रहने उपशाखा/ईकाईहरू सहित) को कार्यक्षेत्र भित्र पर्ने कामको आधारमा कार्यजिम्मेवारी (कार्यविवरण) तपसिलमा उल्लेख भए बमोजिम रहेको छ । कार्यविवरण अनुसारका कामहरू सम्बन्धित महाशाखा प्रमुखको निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा मातहत शाखा तथा उपशाखा प्रमुख र तोकिएका कर्मचारीहरूबाट सम्पादन हुनेछ ।

## ११. कार्य विवरण

गोलबजार नगर कार्यपालिकाको कार्यालयको स्वीकृत सङ्गठन संरचना अनुसार गठन तथा पुनर्गठन हुने देहायमा उल्लेखित शाखाहरू (सो अन्तर्गत रहने उपशाखा/ईकाईहरू सहित) को कार्यक्षेत्र भित्र पर्ने कामको आधारमा कार्यजिम्मेवारी (कार्यविवरण) तपसिलमा उल्लेख भए बमोजिम रहेको छ । कार्यविवरण अनुसारका कामहरू सम्बन्धितशाखा प्रमुखको निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा मातहत शाखा तथा उपशाखा प्रमुख र तोकिएका कर्मचारीहरूबाट सम्पादन हुनेछ ।

### ११.१ प्रमुख प्रशासकीय अधिकृतको सचिवालयबाट सम्पादन हुने कामको विवरण

(क) नगरपालिकाको सचिवको रुपमा स्थानीय सरकार सञ्चालन ऐनको दफामा उल्लेख भएका कार्यहरु गर्ने ।

(ख) नगर स्तरीय कार्यक्रममा हुने विकास निर्माण र सेवा प्रवाहमा एकरुपता हुने गरी समन्वय, सहजीकरण गर्ने ।

(ग) शाखा, शाखा, उपशाखा, इकाई, वडा प्रशासकिय प्रमुखहरु र अन्य कर्मचारीको कार्य नियमन, समन्वय, मूल्याङ्कन, पदस्थापन र नियन्त्रण गर्ने गराउने ।

(घ) नगर स्तरमा सञ्चालन भएका÷हुने सरकारी, निजी वा गैससका जनसरोकार कार्यक्रममा समन्वय, सुपरिवेक्षण, मूल्याङ्कन र समीक्षा गरी लक्षित काममा भएका कमि कमजोरी सुधार्न निर्देशन र प्रोत्साहन गर्ने, गराउने ।

(ङ) सङ्घीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय आदिबाट दिइने जिम्मेवारी एवम् कामहरु गर्ने गराउने ।

(च) नगरपालिकामा परि आउने आकस्मिक प्रकोप व्यवस्थापन गर्न सम्बद्ध निकायसंग समन्वय गर्ने ।

(छ) विकास र सेवाका कार्यक्रमलाई समावेशी नीति अनुसार व्यवहारिक कार्य योजना बनाउने

(ज) वडास्तर देखि नगरसम्म विकेन्द्रीकरण र सुशासनका अनुभूति हुने वातावरण बनाउन सक्रिय पहल गर्ने ।

(झ) नगरपालिकाको स्रोत साधन पहिचान, प्रवर्ध्दन, सङ्कलन र उपयोग र पारदर्शिता, गुणस्तरीयता कायम गर्ने माहोल बनाउन भूमिका निर्वाह गर्ने

(ञ) आफुमा रहेको अधिकार जिम्मेवारी नियम अनुसार शाखा वा अन्य अधिकृत वा अन्य सम्बद्ध कर्मचारीलाई जिम्मा दिई कार्यान्वयन गर्ने गराउने ।

(ट) कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्न सुपरीवेक्षक तोक्ने र सो को आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने गराउने ।

(ठ) प्रचलित ऐन, नियम, निर्देशन र नीतिले अख्तियार गरेका अन्य काम गर्ने, गर्न लगाउने ।

(ड) सम्बन्धितअधिकृत वा शाखा प्रमुखलाई कार्य जिम्मेवारी दिई अधिकार प्रत्यायोजन गर्ने नीति लिने ।

(ढ) अन्तर्राष्ट्रिय सम्बन्धको काम गर्ने अधिकृत, नोडल अधिकृत र नगरपालिकाको सूचना अधिकारी तोक्ने ।

(ण) सङ्घीय सरकार, प्रदेश सरकार, नगर सभा, नगरपालिका बोर्ड वा दातृ निकायबाट हुने आदेश, निर्देशन, सम्झौता तथा आग्रहलाई नगरपालिकाको कार्य योजना अनुसार कार्यान्वयन र सूचना प्रवाह गर्ने ।

(त) नगरपालिकाको वृहत्तर हित र चौतर्फी विकासमा प्रत्यक्ष टेवा पुग्ने दृष्टिले राष्ट्रिय र अन्तरराष्ट्रिय नगरहरुसँग भगिनी सम्बन्ध (Sister City Relation) जोड्ने ।

(थ) भगिनी सम्बन्धका लागि प्रस्ताव गरिने वा भएका नगरहरुसँग सम्बन्ध जोड्ने र सम्बन्धबाट टेवा पुग्ने आपसी सहयोग, साझेदारीका क्षेत्र स्पष्ट पहिल्याउने ।

(द) भगिनी सम्बन्ध कायम भई सकेका नगरहरु एवम् सम्बन्ध कायम हुने क्रममा रहेको नगरहरुसँग आपसी सम्बन्ध सहकार्य र अनुभव आदान प्रदान सुदृढ गर्दै यस्ता सम्बन्धपश्चात् नगरपालिकाको कुन क्षेत्रमा योगदान पुग्यो र के सिकाइ भयो यसको नतिजामुखी प्रतिवदेन तयार गर्ने ।

(ध) भगिनी सम्बन्ध पश्चात प्राप्त भएका सहयोगहरुको समुचित उपयोग सुनिश्चितता गर्दै नगरपालिकाले धान्न सक्ने क्षेत्रमा मात्र सहयोग लिने नीति तर्जुमा गर्ने ।

(न) राष्ट्रिय अन्तराष्ट्रिय संस्था/सञ्जालहरुको कायम सदस्यताहरु नवीकरण गर्ने, सदस्यता निरन्तरताको पुनरावलोकन गर्ने र भविष्यमा नगरपालिकाको हित पोषण हुने संस्था पहिचान गरी मात्र सदस्यता लिनेतर्फ उन्मुख रहने ।

(त) पर्यटन प्रबर्द्धनका लागि विदेशी सङ्घ, संस्था, नगरका डेलिगेसन एवम् नगरपालिकाले सम्मान दिनुपर्ने उच्च पदस्थ पदाधिकारीहरुको भ्रमण कार्यक्रम मिलाउने, स्वागत गर्ने, नगरको साँचो हस्तान्तरण एवम् अभिनन्दन जस्ता औपचारिक कामहरुको समन्वय गर्ने ।

(थ) नगरपालिकालाई सकेसम्म आर्थिक दायित्व नपर्ने गरी आपसी हित प्रबर्द्धन र सिकाइको लागि अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु मिलाउने, समन्वय र सहजीकरण गर्ने ।

**११.२ नगर प्रमुख तथा उपप्रमुखको सचिवालयबाट सम्पादन हुने कामको विवरण**

(क) नगर प्रमुख तथा उपप्रमुखको सचिवालयमा प्राप्त हुन आएका पत्र एवम् फायलहरु अध्ययन गरी पेश गर्ने तथा दर्ता गर्ने ।

(ख) नगर प्रमुख तथा उपप्रमुख को सचिवालयमा प्राप्त हुन आएका पत्रको जवाफ तयार गरी नगर प्रमुख तथा उपप्रमुखसमक्ष पेस गर्ने ।

(ग) विभिन्न निकायहरुबाट आएका चिट्ठीपत्र तथा कागजातहरु हेरी नगरप्रमुख / उपप्रमुखको आदेशानुसार तोक शाखा, उपशाखा र वडा कार्यालय तथा अन्य निकायहरुमा पठाउने कार्य गर्ने ।

(घ) नगर प्रमुख / उपप्रमुखको दैनिक कार्यसूचीलाई व्यवस्थित गर्न सहयोग गर्ने ।

(ङ) प्रमुख तथा उपप्रमुखको सचिवालयबाट पठाउन पर्ने आन्तरिक पत्र तयार गर्ने । सचिवालयको रजिस्टरमा पत्र दर्ता र चलानी समेत गर्ने ।

(च) प्रमुख तथा उपप्रमुखसँग भेटघाट गर्न आउने सेवाग्राहीका लागि समय तालिकाको व्यवस्थापन गर्ने ।

(छ) विभिन्न बैठकहरु सञ्चालनको लागि आवश्यक सहयोग गर्ने र व्यवस्थापन कार्य गर्ने ।

(छ) प्रमुख तथा उपप्रमुखसँग भेटघाट गर्न आउने पाहुनालाई स्वागत गर्ने व्यवस्था मिलाउने ।

(ज) प्रमुख तथा उपप्रमुखको सचिवालयमा आएका गुनासो र उजुरीहरुको व्यवस्थापन गर्ने ।

(झ) भेटघाट, टेलिफोन, इमेल र सामाजिक सञ्जालबाट आएका जानकारी प्रमुख तथा उपप्रमुखलाई अवगत गराउने र अभिलेख राख्ने ।

(ञ) सचिवालयमा प्राप्त गोप्य सूचनालाई व्यवस्थित गरी नगर प्रमुख र उपप्रमुखलाई जानकारी गराउने ।

(ट) नगर प्रमुख / उपप्रमुखको दैनिक जनसम्पर्क कार्यलाई व्यवस्थित बनाउने ।

(ठ) नगर प्रमुख / उपप्रमुख संयोजक वा अध्यक्ष रहेको समिति र क्षेत्रका काममा सहयोग गर्ने ।

(ड) नगर प्रमुख / उपप्रमुखको आदेशानुसार कार्यालयीय कामहरु गर्ने ।

(ड) सचिवालय र विषयगत समितिहरुसँग सम्बन्धित कार्यहरु गर्ने ।

(ध) विभिन्न शाखा, उपशाखा, वडा कार्यालयहरुसँग आवश्यक समन्वय गर्ने ।

(न) नगर प्रमुख तथा उपप्रमुखको कार्यकक्षमा बस्ने बैठकको तयारी, सञ्चालन र व्यवस्थापन गर्ने ।

(प) विभिन्न न्यायिक तथा अर्धन्यायिक निकायहरुबाट पठाइएका उजुरी / जाहेरी पत्रसँग सम्बन्धित कागजात, विवरण तयार गरी राय प्रतिक्रिया सहित पठाउने सम्बन्धी कार्य गर्ने ।

**११.३ प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखाबाट सम्पादन हुने कामको विवरण**

(क) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त तयार गर्ने र नियमन गर्ने

(ख) सङ्गठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, क्षमता विकास र वृत्ति विकास सम्बन्धी कार्य गर्ने ।

(ग) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गर्ने ।

(घ) सङ्घ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिताको व्यवस्थापन गर्ने

(ङ) वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजीकरण गर्ने ।

(च) नगर कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा कानूनको मस्यौदा तयारीमा शाखागत समन्वय र संयोजन गर्ने ।

(छ) नगरसभा तथा नगरकार्यपालिकाको बैठकको प्रस्ताव तयार गर्ने, वैठक व्यवस्थापनमा सहजिकरण गर्ने र नगरले गर्ने वा नगरमा हुने अन्य सभा समारोह सम्बन्धी नगरले गर्नुपर्ने कार्य गर्ने ।

(ज) नगर कार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिहरु (विषयगत शाखासँग सम्बन्धितरहेको बाहेक) तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको समिति/बैठकमा सदस्य सचिव भई कार्य गर्ने ।

(ट) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन भर्न लगाई शाखा प्रमुख वा सो भन्दा मुनिका कर्मचारीहरुको सम्बन्धितसुपरीवेक्षकवाट सुपरीवेक्षण गराई तथा शाखा प्रमुखको सिधै प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ठ) आफू मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, सहजीकरण, अनुगमन र नियन्त्रण गर्ने ।

(ड) आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव चैत्र मसान्तभित्र तयार गरी सम्बन्धितशाखामा पठाउने ।

(ढ) नगर तथा वडाको लागि नागरिक बडापत्र तयारी गर्ने तथा हरेक वर्ष श्रावण मसान्तभित्र अध्यावधिक गर्ने।

(ण) स्थानीय उत्सव, जात्रा आदिको व्यवस्थापन तथा उपाधी तथा विभूषण सम्बन्धी सिफारिसको अभिलेख राख्ने।

(ट) आफ्नो शाखासँग सम्बन्धितनिर्णयहरु सुरक्षित तवरले राख्ने ।

(ठ) शाखा प्रमुख बाहेकका शाखा मातहतका कर्मचारीको कार्यविवरण तयार गरी सम्बन्धितकर्मचारीलाई उपलब्ध गराउने ।

(ड) मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने ।

(ढ) नगरपालिकाको सार्वजनिक सेवा तथा सुशासन समितिको सचिवालयको काम गर्ने।

**अन्य प्रशासनिक कामहरु**

(१) विभिन्न समितिहरुको गठन/ पुनर्गठन, योजनाहरुको अवधिको म्याद थप, ऐन/नियम/ कार्यविधिको निर्माण र संशोधन, कार्यपालिका बैठकमा लैजानु पर्ने प्रस्ताव, शाखा/ उपशाखाहरुको व्यवस्थापन र जिम्मेवारी बारे गर्नुपर्ने कार्यका बारेमा पर्याप्त समय अगावै प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने।

(२) विभिन्न पठाइएका उजुरी / जाहेरी पत्रसँग सम्बन्धित कागजात, विवरण तयार गरी राय प्रतिक्रिया सहित पठाउने सम्बन्धी कार्य गर्ने।

(३) आफ्नो सचिवालय/शाखासँग सम्बन्धित फाइल, निर्णय तथा कागजातहरु सुरक्षित तवरले राख्ने ।

(४) आफू मातहतका कर्मचारीहरुको कामको सुपरीवेक्षण र सहजीकरण गर्ने ।

(५) मातहतका कर्मचारीहरुलाई जिम्मेवारी किटान गरी काममा लगाउने।

(६) सबै शाखा प्रमुखले नगरपालिकाबाट प्राप्त निर्देशनको पालना गर्ने र शाखासँग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने ।

(७) आफ्नो शाखामा आई परेका कार्यालयीय कामहरु गर्ने ।

(८) अन्य शाखा तथा आफू मातहतका उपशाखा / फाँट / इकाइहरुसँग समन्वय गरी स्रोतसाधनको परिचालन, अनुगमन र नियन्त्रण गर्ने ।

(९) मातहतका कर्मचारीको कार्यविवरण सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउने ।

**११.३.१ प्रशासन उपशाखाबाट सम्पादन हुने कामको विवरण**

(क) नगर तथा वडामा कार्यरत सबै कर्मचारीहरुको अध्यावधिक विवरण तयारी गर्ने ।

(ख) कार्यपालिका, नगर सभाको बैठक तथा अन्य सभा समारोह व्यवस्थापनमा सहयोग गर्ने ।

(ग) कार्यपालिका तथा नगर सभाका निर्णयहरु अभिलेखीकरण, प्रकाशन तथा कार्यान्वयनका लागि सम्प्रेषण गर्ने ।

(घ) वडा कार्यालयसँगको सम्पर्क, समन्वय, सहजीकरण तथा प्रशासकीय अनुगमन र पृष्ठपोषण गर्ने ।

(ङ) कार्य सम्पादन मूल्याङ्कनको अभिलेख राख्ने ।

(च) कर्मचारीको व्यवस्थापन, सरुवा, वृत्ति विकास तथा दण्ड, पुरस्कारको लागि सिफारिस शाखा प्रमुख मार्फत सिफारिस गर्ने ।

(छ) दैनिक हाजिरी नियन्त्रण गर्ने, विद्युतीय हाजिरीको अभिलेख मासिक रुपमा अनिवार्य रुपमा भिडाउने ।

(ज) पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण पेश गर्न सूचित गर्ने र सङ्कलन गर्ने ।

(झ) नगरबाट भएको महत्वपूर्ण सिफारिस पत्रको अभिलेख राख्ने ।

(ञ) कार्यालयको दर्ता चलानी कार्यको सञ्चालन, व्यवस्थापन र नियन्त्रण गर्ने र प्रमाणित गर्ने।

(ट) प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको सचिवालय व्यवस्थापन सम्बन्धी सबै कार्य गर्ने र आवश्यक व्यवस्था मिलाउने ।

(ठ) कार्यालयको अत्यन्त जरुरी पत्रहरु सम्बन्धितपक्षलाई बुझाउन सहयोग गर्ने ।

(ड) कार्यालयको अचल सम्पतिको सुरक्षाको अनुगमन गर्ने।

(ण) कार्यालयको दर्ता/चलानी व्यवस्थित गर्ने ।

(थ) नगरपालिका कार्यालयका सबै प्रकारका चारपाङ्ग्रे सवारी साधनको सवारी लगबुक प्रयोग गर्ने र पदाधिकारीवाट नियमित रुपमा प्रमाणित गराई राख्ने ।

(ध) उपशाखासँग सम्बन्धितअन्य कार्यहरु गर्ने ।

**११.३.१.१ दर्ता, चलानी तथा सोधपुछ फाँटबाट सम्पादन हुने कामको विवरण**

(क) नगरपालिकाको कार्यालयमा आएका पत्रहरु बुझ्ने।

(ख) प्राप्त पत्रहरु नगर प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्ने सम्बन्धी कार्य गर्ने।

(ग) प्राप्त पत्रहरु दर्ता पुस्तिकामा चढाउने, पत्रमा दर्ता नम्बर र दर्ता मिति/समय उल्लेख गरी सम्बन्धितशाखामा बुझाउने सम्बन्धी कार्य गर्ने।

(घ) कार्यालयका पत्रहरु चलानी गरी सम्बन्धितनिकायमा पठाउने सम्बन्धी कार्य गर्ने।

(ङ) अन्य कार्यालयहरुबाट आएको सूचना टाँस गर्ने र मुचुल्का तयार गरी पठाउने कार्य गर्ने।

(च) विभिन्न फारामहरु र सूचना वितरण सम्बन्धी काम गर्ने।

(छ) नगर प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको शाखा प्रमुखको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने गराउने।

(ज) दर्ता, चलानी रजिस्टर तथा रजिस्टर फाइलहरु सुरक्षित राख्ने।

**११.३.१.२ नगर प्रहरी फाँटबाट सम्पादन हुने कामको विवरण**

(क) नियमित रुपमा नगरपालिकाको कार्यालय र कार्यालय हाताको सुरक्षा गर्ने।

(ख) विना ईजाजत निर्माण भएका भौतिक संरचनाहरुको स्थलगत अध्ययन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(ग) सडक पेटी आदिमा अव्यवस्थित तरिकाले सामान राखिएको पाइएमा हटाउन लगाउने ।

(घ) सार्वजनिक स्थलमा जताभावी फोहोरमैला फाल्ने कार्यमा नियन्त्रण गर्ने तथा सम्झाई बुझाई गर्ने ।

(ङ) नगरपालिकाको ऐन, नियम तथा आदेशको उल्लघन गर्ने व्यक्तिलाई कार्यालयमा उपस्थित गराउने ।

(च) अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित पार्ने र व्यवस्थित पार्न योजना बनाउने ।

(छ) नगर क्षेत्रलाई सफासुग्घर राख्नका लागि आवश्यक कार्य गरी सामाजिक जिवनलाई सुव्यवस्थित गर्न गराउन सहयोग गर्ने ।

(ज) सडकमा राखिएका अव्यवस्थित निर्माण सामग्रीहरु हटाउन लगाउने ।

(झ) नगरपालिकाको स्वामित्वमा रहेका भौतिक संरचनाहरुको सुरक्षा गर्ने ।

(ञ) सार्वजनिक सम्पतिहरुको सुरक्षाको अनुगमन गर्ने ।

(ट) नियमानुसार सवारी साधन कर, घर बहाल कर, पट्के सवारी कर र अन्य कर असुलीमा सहयोग गर्ने ।

(ठ) छाडा चौपायाहरुलाई कान्जी हाउससम्म पुर्याउने व्यवस्था मिलाउने ।

(ड) नगर क्षेत्रमा सामाजिक सरोकारका विषयमा माइकिङ गरी नगरवासीलाई सुचित गराउने ।

(ड) नगर क्षेत्रभित्र रहेको बेवारिसे तथा मृतक अवस्थामा रहेका जनावरहरु पाइएमा हटाउन सहयोग गर्ने ।

(ढ) नगरपालिकाले जारी गरेको म्याद तामेली गर्ने साथै फैसला कार्यान्वयनमा सहयोग सम्बन्धी कार्य गर्ने ।

(ण) नगरपालिकाका नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग सम्बन्धी कार्य गर्ने ।

(त) नगरक्षेत्रको सर्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्य गर्ने ।

(थ) नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग सम्बन्धी कार्य गर्ने ।

(द) नगर वस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन सम्बन्धी कार्य गर्ने ।

(ध) स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग सम्बन्धी कार्य गर्ने ।

(न) कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन र पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

(प) विपद् वस्थापन कार्यमा सहयोग सम्बन्धी कार्य गर्ने ।

(फ) नगर प्रहरीहरुले कार्यालयबाट उपलब्ध गराइएको पोशाकमा अनिवार्य रुपमा रहनु पर्ने साथै कार्यालयले खटाएको कार्य सम्पादन गर्दा तथा नियमित बजार अनुगमन गर्दा नगर प्रहरीको पोशाक लगाई काम गर्ने ।

(ब) विना इजाजत निर्माण भएका भौतिक संरचनाहरुको स्थलगत अध्ययन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(भ) सार्वजनिक स्थलमा जथाभावी फोहोरमैला फाल्ने कार्यमा नियन्त्रण गर्ने तथा सम्झाई वुझाई गर्ने कार्य गर्ने ।

(म) व्यवसायीहरुले नगरपालिकामा व्यवसाय दर्ता गरे नगरेको अनुगमन गर्ने कार्य गर्ने ।

(य) नगरपालिकाको ईजाजत पत्र अनुसार सम्बन्धितव्यापारीले व्यवसाय सञ्चालन गरे नगरेको नियमित अनुगमन गर्ने र सो जानकारी सम्बन्धित शाखालाई गराउने गर्ने ।

(र) अव्यवस्थित पार्किङलाइ व्यवस्थित पार्न जिल्ला ट्राफिक प्रहरीसँग समन्वय गर्ने कार्य गर्ने

(ल) कानूनले निषेध गरेका खाद्य पदार्थ बेचविखन बन्द गर्न लगाउने कार्य गर्ने ।

(व) नगर क्षेत्रभित्र रहेको वेवारीसे तथा मृत अवस्थामा रहेका जनावरहरु पाइएमा हटाउने व्यवस्था मिलाउने कार्य गर्ने ।

(श) नगरपालिकाले तोकेका कार्यहरु गर्ने ।

**११.३.२ जिन्सी खरिद तथा आन्तरिक व्यवस्थापन उपशाखाबाट सम्पादन हुने कामको विवरण**

(क) नगरको स्वामित्वमा रहेको चल, अचल सम्पत्तिको अद्यावधिक विवरण सहित अभिलेख राख्ने ।

(ख) सबै शाखासँग समन्वय गरी नगरपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोबस्तीका सामानको आवश्यकता पहिचान गरी हरेक बर्षको वार्षिक खरिद योजना तयार गर्ने ।

(ग) आफ्नो शाखासँग सम्बन्धितपरामर्श सेवा सम्बन्धी कामको लागि समयमै कार्यशर्त तयारी गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(घ) विभिन्न प्रकारका वस्तु तथा सेवा आपूर्ति गर्न इच्छुक व्यक्ति, संस्था, कम्पनी लगायतको सूचि अध्यावधिक गराउने ।

(ङ) हरेक आर्थिक वर्षको सुरुमै अनुमान गरिएका आवश्यक सामानहरुको दररेट माग गरी स्वीकृत गराई राख्ने ।

(च) नगरपालिकाभित्रको सरकारी सम्पत्ति, आफ्नो स्वामित्वमा रहेको भवन लगायत स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने ।

(छ) कार्यालयका सम्पूर्ण सवारी साधनको अभिलेख राख्ने ।

(ज) सरसफाई बाहेकका सवारी साधन परिचालन गर्ने ।

(झ) लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने सामानको प्रत्येक वर्षको पहिलो चौमासिक भित्र विवरण तयार गरी लिलाम गर्नुपर्ने सामानको हकमा लिलाम गर्ने प्रक्रिया अघि बढाउने, मर्मत गर्नुपर्ने सामानको लागत अनुमान तयार गरी मर्मतको लागि पेश गर्ने ।

(ञ) कार्यालयको नाममा रहेका सम्पूर्ण सवारी साधनको अध्यावधिक विवरण तयार गरी मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने देखिएका सवारी साधनको सोही बमोजिम प्रक्रिया अगाडि बढाउने

(ट) खरिद गर्नुपर्ने देखिएका सामानहरु समयमा नै खरिद गरी कार्य सञ्चालनमा अभाव नहुने व्यवस्था मिलाउने ।

(ठ) प्रचलित कानून बमोजिम प्रत्येक वर्ष जिन्सी निरीक्षण गराउने ।

(ड) सडक बत्तीको व्यवस्थापन, मर्मत, सम्भार तथा नियमन गर्ने ।

(ढ) कार्यालयका लागि आवश्यक जिन्सी सामानको व्यवस्थापन, भण्डार दाखिला, निकासी सम्बन्धी सबै प्रकृयाका काम गर्ने ।

### ११.३.२.१. सवारी साधन, हेभी इक्विपमेन्ट तथा यन्त्र उपकरण फाँटबाट सम्पादन हुने कामको विवरण

(क) नगरपालिकाबाट खटाइएको स्गानमा हेभी सवारी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ख) नगरपालिकाको कार्य आदेश बमोजिम तोकिएको योजना स्थलमा हेभी सवारी सञ्चालन गर्ने । नगपालिकाले खटाएको समयभन्दा बढी समयसम्म हेभी इक्विपमेन्ट सञ्चालन गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृत / राजस्व शाखालाई खबर गरी थप कार्यादेश लिएर थप समयको रकम नगरपालिकमा अग्रिम रुपमा जम्मा गर्न लगाएर मात्र सञ्चालन गर्ने ।

(ग) हेभी सवारी साधन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपछि कामको विवरण सहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेस गर्ने ।

(घ) हेभी सवारी साधनहरुको रेखदेख, सुरक्षा गर्ने । मेशिन बिग्रिएको अवस्थामा नगरपालिकालाई लिखित जानकारी गराउने र प्राप्त लिखित आदेश बमोजिम मर्म्मत सम्बन्धी कार्य गर्ने ।

(ङ) हेभी सवारी साधन सञ्चालनको विवरण लगायतका आधारभूत कार्यहरुको विवरण अद्यावधिक गर्ने ।

(च) नगरपालिकाले तोके बमोजिमका कार्यहरु गर्ने ।

### ११.३.२.२ फोहर मैला तथा सरसफाइ फाँटबाट सम्पादन हुने कामको विवरण

(क) नगर क्षेत्रभित्र वातावरणलाई प्रदुषित तुल्याउने गरी फोहोर मैला, धुँवा आदि उत्पादन गर्ने पसल, होटल, कलकारखाना आदिको लगत राखी प्रदुषण रोक्ने उपायहरु अपनाउने ।

(ख) नगर क्षेत्रमा फोहोरको मात्रा घटाउन नगरवासीलाई सोसम्बन्धी शिक्षा तथा ज्ञान प्रदान गर्ने

(ग) नगर क्षेत्रभित्र स्थापना भएका सङ्घ संस्थाहरुलाई शहरी सफाई सम्बन्धी ज्ञान दिई सफाई सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यमा समन्वयकर्ताको भूमिका निभाउने ।

(घ) नगरमा फोहोरको मात्रा कम गर्ने कम्पोष्टिङ गर्ने, बायोग्यास उर्जाको प्रयोग गर्ने तथा अन्य खेर जाने चिजहरुको उपयोगबारे विभिन्न सीपमूलक तालिमहरुको आयोजना गर्ने ।

(ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी सूचना तथा जानकारी बुलेटिन स्थानीय स्तरमा प्रदान गर्ने

(च) हरित नगरका लागि नर्सरी स्थापनाका क्षेत्र पहिचान गरी टोल विकास संस्था लगायत विद्यालय तथा कलेजहरुलाई परिचालन गर्ने ।

(छ) फलफुल र वृक्षारोपणको लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी स्थान विशेष फलफुल र वृक्षारोपणको व्यवस्था मिलाउने ।

(ज) सौन्दर्यकरणका क्षेत्रहरु पहिचान गरी फूल बगैँचा निर्माण गरी संरक्षणको व्यवस्था मिलाउने

(झ) नगर क्षेत्रमा विद्यमान ढलनालाहरुको लगत तयार गरी सर्भे र डिजाइनको व्यवस्था मिलाउने ।

(ञ) प्लाष्टिकका झोलाको विकल्प दिनका लागि निजी क्षेत्रहरुसँग सहकार्य गर्ने ।

(ट) शुलभ शौचालयहरुको अभियान चलाउन आवश्यक प्रचार प्रसार र सामग्री उपलब्ध गराउने ।

(ठ) कम्पोष्ट मल बनाउने प्रविधि विकासका लागि निजि क्षेत्रको सहभागिता वृद्धि गर्ने ।

(ड) फोहोरमैला व्यवस्थापन स्थल छनौट र व्यवस्थापनमा समन्वय र अनुगमन गर्ने ।

(ढ) वेवारिसे लासको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ण) तरकारी बजार, हाट बजार, पशुबधशालाको व्यवस्थापनमा सहयोग गर्ने ।

(त) छाडा पशु तथा भूस्याहा कुकुर नियन्त्रण गर्ने ।

(थ) स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तयार गर्ने, योजना बनाउने र कार्यान्वयन गर्ने ।

(द) फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने।

(ध) सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी कानून तथा मापदण्ड तयार गरी सो बमोजिम योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

(न) फोहरलाई स्रोतमै वर्गीकरण गरी व्यवस्थापन गर्ने उपायहरुको अवलम्बलन गर्ने ।

(प) फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने।

(फ) फोहोर व्यवस्थापन लागी आवश्यक पर्ने स्रोत साधन (हेवी ईक्युपमेन्ट, सवारी साधन, कर्मचारी लगायत) को व्यवस्थापन र सञ्चालन गर्ने ।

(ब) ल्यान्डफिल साइट व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(भ) स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्ने ।

(म) सार्वजनिक शौचालय स्थापना र सहजीकरण सम्बन्धी कार्य गर्ने ।

### ११.३.३ योजना तथा अनुगमन उपशाखाबाट सम्पादन हुने कामको विवरण

(क) विकास आयोजनाहरुको अनुगमन र मूल्याङ्कन गर्ने।

(ख) विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनको प्रगति प्रतिवेदन तयार गर्ने र पेस गर्ने।

(ग) विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने।

(घ) विकास आयोजना कार्यान्वयन सम्बन्धी प्रक्रियागत कार्य गर्ने।

(ङ) विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा गर्ने।

(च) विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको आधार तथा प्रक्रिया निर्धारण गर्ने।

(छ) आयोजनाको प्रगति प्रतिवेदन तयार गरी मासिक रुपमा सार्वजनिक गर्ने साथै सम्बन्धितनिकायमा पठाउने सम्बन्धी कार्य गर्ने।

(ज) स्थानीय वार्षिक, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्याङ्कन र विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन सम्बन्धी कार्य गर्ने।

(झ) सङ्घीय र प्रादेशिक आयोजना र परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने।

(ञ) नगरपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र बजेट तयारीमा राय सुझाव दिने।

(ट) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने।

### ११.३.४ सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन उपशाखाबाट सम्पादन हुने कामको विवरण

(क) कार्यालयबाट गरिने निर्णय, नीति तथा कार्यक्रम, योजना, तथ्याङ्क, कार्य प्रगति विवरण, बुलेटिन, ब्रोसर, नागरिक बडापत्र, स्वत:प्रकाशन तथा अन्य त्यस्ता जानकारी दिने सूचना मूलक प्रकाशनहरु गर्ने ।

(ख) सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

(ग) वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी प्रबर्द्धन गर्ने ।

(घ) सूचनाको हकको कार्यान्वयनमा सहयोग गर्ने ।

(ङ) सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गर्ने ।

(च) सूचना तथा अभिलेख केन्द्रको स्थापना र सञ्चालनको व्यवस्थापन गर्ने ।

(छ) तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड र योजना बनाउने ।

(ज) नगरपालिकाको गतिविधि स्मारिका प्रकाशन गर्ने र नगरपालिकाको गतिविधिहरु स्थानीय स्तरका पत्रपत्रिका र एफ.एम.मा आवश्यक अनुसार उपलब्ध गराउने।

(झ) कानून पारित भएपछि प्रमाणित गराई सम्बन्धितनिकायमा पठाउने र प्रकाशित राजपत्रमा प्रकाशित गरी वेबसाइटमा राख्ने।

(ञ) आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन सम्बन्धी काय गर्ने।

(ट) एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन सम्बन्धी कार्य गर्ने ।

(ठ) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आबद्धता र पार्श्व चित्र तथा स्रोत नक्साको अद्यावधिक एवं अभिलेख व्यवस्थापन गर्ने ।

(ड) कार्यालयसँग सम्बन्धितसबै किसिमका तथ्याङ्कहरुको एकीकरण तथा वितरणको व्यवस्थापन गर्ने ।

(ढ) प्रदेश तथा सङ्घसँग तथ्याङ्क एवं सूचना आदानप्रदान र समन्वय गर्ने ।

(ण) सम्भाव्य प्राकृतिक स्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन गर्ने ।

(ट) सूचना प्रकाशन, बुलेटिन, ब्रोसर तथा अन्य सूचना तथा जानकारीमूलक सामग्रीहरु प्रकाशन गर्ने ।

(ठ) इमेल, ईन्टरनेट र वेबसाइटको सञ्चालन र सूचनाहरुको अद्यावधिक व्यवस्थापन गर्ने ।

(ड) सबै शाखा तथा वडा कार्यालयमा भए गरेका गतिविधिहरु सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन उपशाखामा अभिलेखीकरण गर्ने ।

(ढ) आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति तथा नविकरण सम्बन्धमा सिफारिस गर्ने ।

(ण) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन सम्बन्धमा सिफारिस गर्ने ।

(त) आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमतिका लागि सिफारिस गर्ने र अभिलेख राख्ने

(थ) कार्यालयमा आउने पत्रपत्रिकाहरु, सूचना शाखा मार्फत् लिने व्यवस्था गर्ने र आवश्यकता अनुसार ग्राहक बन्ने ।

(ध) कार्यालयबाट विभिन्न किसिमका सूचना प्रवाह गर्दा यसै उपशाखा मार्फत् गर्ने ।

(द) सूचना प्रविधि शाखा कार्यालयको एक अभिन्न अंग भएकोले यसको उचीत व्यवस्थापन र कार्यान्वयनमा जोड दिने ।

(ध) योजना तर्जुमा, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक सूचना सङ्कलन, विश्लेषण प्रकाशन र वितरण गर्ने ।

(न) सरोकारवालाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तत्थ्याङ्क सङ्कलन गरी प्रशोधन गर्ने विभिन्न विषयगत कार्यालय, सरकारी तथा गै.स.स.हरुबाट प्राप्त हुने तत्थ्यांकहरुलाई समेत व्यवस्थित गरी प्रयोगमा ल्याउने ।

(प) नगरको वस्तुगत विवरण, क्षेत्रगत विश्लेषण प्रतिवेदन, वित्तिय विश्लेषण, संस्थागत प्रतिवेदन विकास बुलेटिन, नगर समाचार, ब्रोसरहरुको प्रकाशन लगायत सोको अद्यावधिक गर्ने र सरोकारवालाहरुलाई उपलब्ध गराउने ।

(फ) नगरपालिका कार्यालयहरुमा उपलब्ध प्रकाशनहरु, प्रतिवेदन, सूचना तथा तत्थ्यांकहरु निर्धारण गरिएको मूल्यमा सःशुल्क विक्री वितरण गर्ने ।

(ब) बेरुजु स्थिति, प्रशासनिक खर्च, पूँजीगत निर्माण अनुपात आन्तरिक स्रोत आदिको विश्लेषण सहितको प्रतिवेदन तयार पार्ने ।

(भ) नगरपालिकाले गरेका सफल कार्यको विवरण प्रकाशन तथा प्रसार गर्ने ।

(म) आर्थिक नियमितता तथा कार्य सम्पादन स्थिति झल्कीने गरी तुलनात्मक विवरण नियमित रुपमा प्रकाशित गर्ने ।

(य) उपशाखालाई सक्षम र दिगो बनाउन आवश्यकता अनुसार दक्ष परामर्शदाताको सहयोग लिने।

(र) सूचना व्यवस्थापन, अनुसन्धान, प्रकाशन र वितरणको कार्य गर्ने ।

(ल) सूचना प्रविधि केन्द्रलाई एकीकृत सूचना केन्द्रको रुपमा विकास गरी कार्यालयबाट तोकिएको अन्य कार्यहरु गर्ने ।

(ड) नगरपालिकाको कम्प्युटर तथा तत्सम्बन्धित अन्य मेशीनरी सामानहरको रेखदेख तथा मर्मत सम्भारमा सहयोग गर्ने ।

(ढ) प्रचलित कानून र शाखा, उपशाखा र इकाईसँग सम्बन्धिततोकिएका अन्य अन्य कार्यहरु गर्ने।

### ११.३.४.१ राष्ट्रिय परिचयपत्र दर्ता स्टेसनबाट सम्पादन हुने कामको विवरण

(क) राष्ट्रिय परिचय पत्र विवरण दर्ता प्रणालीमा नागरिकको व्यक्तिगत र जैविक विवरणहरु दर्ता गर्ने।

(ख) नागरिकका विवरण दर्ताका लागि आवश्यक प्रणाली सुचारू रूपमा सञ्चालन गर्नका लागी विद्युत, इन्टरनेट, कम्प्युटर नेटवर्क लगायतका पुर्वाधारहरुको यकिन गरि आवश्यक व्यवस्थापन गर्ने।

(ग) विवरण संकलन र विवरण सच्याउन थप अधिकारिकता आवश्यक भएमा स्थानिय प्रशासन र स्थानिय तह बाट थप विवरण लिई रुजु गर्ने।

(घ) संकलित विवरणहरु विभाग को छपाई तथा प्रशोधन केन्द्रमा राष्ट्रिय परिचयपत्र छपाईका लागी सुरक्षित नेटवर्क मार्फत पठाउने र सोको अभिलेख राख्ने।

(ङ) जिल्ला प्रशासन कार्यालय बाट स्थानिय तहमा विवरण संकलन गर्ने कार्यको लागी आवश्यक पर्ने Enrollment , Issuance सम्बन्धी प्रणालीको configuration परिक्षण गरि तयार गर्ने।

(च) नागरिकका विवरण दर्ताको क्रममा संकलन गरिएको कागजात तथा अन्य जानकारिको गोपनियता कायम गर्ने।

(छ) राष्ट्रिय परिचय पत्र बनाउन आवश्यक पर्ने कागजात सम्बन्धी जानकारी दिने।

(झ) राष्ट्रिय परिचयपत्र सम्बन्धी नागरिकहरुलाई अन्य सल्लाह, सुझाव र परामर्शको आवश्यकता परेमा त्यही अनुसार थप जानकारी दिने।

(झ) आवश्यकता अनुसार विभाग र जिल्ला प्रशासन कार्यालय तोकेका अन्य कार्य गर्ने।

**११.४ भौतिक पूर्वाधार विकास शाखाबाट सम्पादन हुने कामको विवरण**

(क) नगरले कार्यान्वयन गर्ने पूर्वाधार सम्बन्धी सबै कार्यक्रम सम्झौताको लागि आवश्यक कागजातको तयारी गर्ने।

(ख) वडा समिति मार्फत् सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धी योजना कार्यान्वयनको लागि आवश्यक सहजीकरण गर्ने ।

(ग) उपभोक्ता समितिका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(घ) सङ्घीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने।

(ङ) निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको परिचालन, समन्वय र सहजीकरण गर्ने ।

(च) योजना फरफारक तथा कार्यक्रम हस्तान्तरण सम्बन्धी कार्य गर्ने ।

(छ) सम्पन्न भएका सम्पूर्ण पूर्वाधार सम्बन्धी योजनाहरुको अभिलेख राख्ने ।

(ज) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गर्ने ।

(झ) स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवं गुरुयोजना तर्जूमा गर्ने।

(ञ) अन्य शाखासँग समन्वय गरी वार्षिक विकास योजना तथा कार्यक्रम तर्जुमा गर्ने र विकासका प्राथमिकता क्षेत्र निर्धारण गर्ने।

(ट) विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको आधार तथा प्रक्रिया निर्धारण गर्ने ।

(ठ) आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने गराउने।

(ड) नगरपालिकाको पूर्वाधार विकास समितिको सचिवालय सम्बन्धी काम गर्ने।

**अन्य प्रशासनिक कामहरु**

(१) विभिन्न समितिहरुको गठन/ पुनर्गठन, योजनाहरुको अवधिको म्याद थप, ऐन/नियम/ कार्यविधिको निर्माण र संशोधन, कार्यपालिका बैठकमा लैजानु पर्ने प्रस्ताव, शाखा/ उपशाखाहरुको व्यवस्थापन र जिम्मेवारी बारे गर्नुपर्ने कार्यका बारेमा पर्याप्त समय अगावै प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने।

(२) विभिन्न पठाइएका उजुरी / जाहेरी पत्रसँग सम्बन्धित कागजात, विवरण तयार गरी राय प्रतिक्रिया सहित पठाउने सम्बन्धी कार्य गर्ने।

(३) आफ्नो सचिवालय/शाखासँग सम्बन्धित फाइल, निर्णय तथा कागजातहरु सुरक्षित तवरले राख्ने ।

(४) आफू मातहतका कर्मचारीहरुको कामको सुपरीवेक्षण र सहजीकरण गर्ने ।

(५) मातहतका कर्मचारीहरुलाई जिम्मेवारी किटान गरी काममा लगाउने।

(६) सबै शाखा प्रमुखले नगरपालिकाबाट प्राप्त निर्देशनको पालना गर्ने र शाखासँग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने ।

(७) आफ्नो शाखामा आई परेका कार्यालयीय कामहरु गर्ने ।

(८) अन्य शाखा तथा आफू मातहतका उपशाखा / फाँट / इकाइहरुसँग समन्वय गरी स्रोतसाधनको परिचालन, अनुगमन र नियन्त्रण गर्ने ।

(९) मातहतका कर्मचारीको कार्यविवरण सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउने ।

## ११.४.१ सडक तथा अन्य पूर्वाधार विकास शाखाबाट सम्पादन हुने कामको विवरण

### क. सडक विकास सम्बन्धी कामको विवरण

(क) स्थानीय सडक तथा यातायात सम्बन्धी नीति बनाउने, कानूनको तर्जुमा गर्ने, मापदण्ड तयार पार्ने तथा नियमन गर्ने ।

(ख) पूर्वाधार विकास सम्बन्धी गुरु योजनाको तर्जुमा गर्ने।

(ग) आयोजनाको पहिचान गर्ने। सम्पन्न भएका आयोजनाको उचित मर्मत सम्भारको बन्दोबस्त मिलाउने ।

(घ) भवन निर्माण तथा नक्सापास सम्बन्धी नीति, कानून तथा मापदण्ड बनाउने, सो को कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।

(ङ) आफ्नो शाखासँग सम्बन्धितपरामर्श सेवा सम्बन्धी कामको लागि कार्यशर्त तयारी गर्ने ।

(च) राष्ट्रिय भवन संहिता तथा मापदण्डको पालना र कार्यान्वयन गर्ने ।

(छ) भू–उपयोग सम्बन्धी नीति बनाउने, योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने गराउने ।

(ज) सिंचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने ।

(झ) नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी सम्बन्धी मापदण्ड बनाउने, योजना तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने ।

(ञ) सडक बत्तीको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ट) स्वीकृत योजना तथा कार्यक्रमहरुको पहिलो चौमासिकभित्र लागत अनुमान तयार गर्ने गराउने, नगरस्तरीय योजना सम्झौताको लागि पेश गर्ने, कार्यान्वयन गर्ने गराउने, अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(ड) आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक वर्षको चैत्र मसान्तभित्र तयार गरी पेश गर्ने।

(ढ) नगरबाट हुने सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने ।

(ण) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रबर्द्धन गर्ने ।

(त) आधारभूत यातायात सेवा विस्तार सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्ने ।

(थ) निजी यातायात सेवाको नियमन तथा व्यवस्थापन गर्ने ।

(द) आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

(ध) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने ।

## ख. पूर्वाधार विकास सम्बन्धी कामको विवरण

(क) सङ्घीय तथा प्रदेश सरकारको जिम्मामा परेका बाहेक सबै स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पुल, झोलुङ्गे पुल, कल्भर्ट र तटबन्धन सम्बन्धी योजनाको अभिलेख राख्ने

(ख) स्वीकृत योजना तथा कार्यक्रमको पहिलो चौमासिक भित्र इस्टिमेट, ड्रइङ्ग, डिजाइन तयार गरी सक्ने ।

(ग) पूर्वाधार सम्बन्धी योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी जेठ मसान्तभित्र अन्तिम भुक्तानीको लागि सिफारिस गरी सक्ने ।

(घ) पार्किङ्ग स्थल तोक्ने,पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गराउने ।

(ङ) निर्माण व्यवसाय दर्ता तथा नवीकरणका लागि सिफारिस गर्ने ।

(च) पूर्वाधार योजनाहरुको खरिद योजना तयार गरी श्रावण मसान्तभित्र खरिद इकाईमा उपलब्ध गराउने ।

(छ) नगरको जिम्मा रहेका खानेपानी आयोजनाको महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्ने ।

(ज) पानीको मुहानको संरक्षण गर्ने गराउने ।

(झ) सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन गर्ने गराउने ।

(ञ) विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।

(ट) स्वीकृत योजनाहरुको समयमै डिजाइन र मितव्ययी लगत इस्टीमेट तयारी गर्ने ।

(ठ) समयमै स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने ।

(ड) कार्यान्वयनमा आएका योजनाहरुको निर्धारित प्राविधिक स्तर कायम गर्ने ।

(ढ) योजनाको सम्भाव्यता अध्ययन गर्ने कार्यमा शाखा प्रमुखलाई सहयोग गर्ने ।

(ण) सम्भाव्य योजनाको सर्भे, डिजाइन, ल.ई. गर्ने गराउने ।

(त) स्वीकृत योजनाको कार्य तालिका बनाई ठेक्कापट्टा भए ठेक्का बमोजिम र उपभोक्ता समिति तथा अमानत भए प्रक्रिया पूरा गरी स्वीकृतिका लागि पेश गर्ने ।

(थ) जिल्लाको स्वीकृत दररेटलाई आधार मानी ल.ई. गर्ने गराउने ।

(द) नगरस्तरीय दररेट तयार गर्ने समितिको सदस्य सचिव भई कार्य गर्ने ।

(ध) मर्मत संभार गर्ने योजनाको ल.ई. गरी स्वीकृतिका लागि पेश गर्ने ।

(न) स्वीकृत योजनाहरुको लगत राखी प्राथमिकता तोक्ने कार्यमा आफ्नो राय शाखा प्रमुख समक्ष पेश गर्ने।

(प) उपभोक्ता समिति गठन गर्न सहयोग गर्ने ।

(फ) उपभोक्ता समिति र निर्माण व्यवसायीसँग सम्झौता गर्ने ।

(ब) सम्झौता अनुसार निर्धारित रुपमा योजना सम्पन्न गर्न तार ताकेता गर्ने ।

(भ) योजनाहरुको नापी किताब, रनिङ बिल मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्ने।

(म) सम्पन्न आयोजनाहरुको जाँच पास गरी फरफारकका लागि पेश गर्ने ।

(य) योजना सञ्चालनमा विवाद एवं समस्या उत्पन्न भएमा सोको जानकारी याथशिघ्र शाखा प्रमुखलाई गराउने ।

(र) सञ्चालित योजनाहरुको बेग्ला–बेग्लै फाइल खडा गरी राख्ने र राख्न लगाउने ।

(ल) योजना सभ्झौता भए पछि रजिष्टर खडा गरी रेकर्ड राख्न लगाउने।

(व) मासिक, चौमासिक, वार्षिक प्रगति प्रतिवेदन तयार गरी पठाउनका लागि शाखा प्रमुखलाई आवश्यक सहयोग गर्ने ।

(श) चौमासिक र वार्षिक प्रगति समिक्षा बैठकमा प्रगति पेश गर्ने कार्यमा शाखा प्रमुखलाई आवश्यक सहयोग गर्ने।

(ह) माग र आवश्यकताका आधारमा सम्बन्धितटोल विकास संस्थालाई समेत संलग्न गराई सडक बत्ती जडान गराउने ।

(क्ष) नगरपालिकामा जडान भएका बत्तीको लगत राख्ने ।

### ११.४.२ भवन, नक्सा पास तथा वस्ती विकास उपशाखाबाट सम्पादन हुने कामको विवरण

(क) वस्ती विकास सम्बन्धी नीति, कानून, तथा मापदण्ड बनाउने तथा सो सम्बन्धी योजना तर्जुमा र आयोजना पहिचान गर्ने ।

(ख) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षित सार्वजनिक, सरकारी तथा निजी भवन निर्माणको अनुमतिको लागि नक्सापास गर्न सिफारिस गर्ने, स्वीकृत नक्सा बमोजिम भवन बने नबनेको वारे अनुगमन गरी प्रतिवेदन दिने/दिन लगाउने तथा नियमन गर्ने ।

(ग) नक्शा संशोधनको लागि सिफारिस गर्ने ।

(घ) स्वीकृत नक्साको अध्यावधिक अभिलेख राख्ने ।

(ङ) नक्सा स्वीकृत प्रक्रियालाई व्यवस्थित र सरलीकृत गर्न अवम्लवन गर्नु पर्ने विभिन्न उपायहरुको विकल्प सहित विश्लेषण गरी कार्यविधि तयार पार्ने ।

(च) भवन मापदण्ड सुधार गर्न आवश्यक अध्ययन अनुसन्धान गराउने ।

(छ) वडा कार्यालयहरुको लागि उपयुक्त हुने नमुना नक्सा तयार गर्ने ।

(ज) कार्यालयको तर्फबाट नक्सा तयार गर्ने गरी भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि समयमै घर नक्सा तयार गर्ने ।

(झ) भवन निर्माण तथा नक्सापाससँग सम्बन्धितसबै काम गर्ने ।

(ञ) नगरपालिकाबाट घर निर्माण स्वीकृति प्राप्त गर्नुपर्दा अपनाउनु पर्ने कार्य विधि सम्बन्धितव्यक्तिलाई जानकारी गराउने ।

(ट) घर नक्सा स्वीकृतिको लागि निवेदन फारम उपलब्ध गराउने ।

(ठ) नक्सा पासको निवेदन दर्ता गर्ने, घर नक्सा पास चेक गर्ने प्रमाण हेरी १५ दिन सूचना टाँस गर्ने गराउने ।

(ड) सर्जमिन मूचुल्का र प्राविधिक प्रतिवेदन तयार गर्ने । प्राविधिक प्रतिवेदन सहित शाखा प्रमुख मार्फत् प्रमुख प्रशासकीय अधिकृत समक्ष स्वीकृतीको लागि पेश गर्ने ।

(ढ) स्वीकृत नक्सा बमोजिम कार्य क्षेत्रमा गई सडक मापदण्ड छुट्टाउने ।

(ण) स्वीकृत नक्साको अभिलेख र रेकर्ड राख्ने ।

(त) म्याद थप सम्बन्धी निवेदनमा कारवाही गर्ने ।

(थ) घर नक्साको प्रतिलिपि माग भएमा प्रतिलिपि उपलब्ध गराउने ।

(द) नक्सा नामसारी नियमानुसार गर्ने ।

(ध) विना इजाजत घर निर्माण भएको पाइएमा निर्माण कार्य रोक्का राखी कारवाही अगाडी बढाउने ।

(न) स्वीकृत ईजाजत बमोजिम घर निर्माण भए नभएको जाँच गर्ने ।

(प) निर्माण सम्पन्न प्रमाण पत्र माग भएमा तयार गरी पेश गर्ने ।

(फ) अनियमित तरिकाले निर्माण भएका पर्खाल, घर लगायतका संरचनाहरुको रोक्काको लागि अनुगमन गर्ने ।

(ब) नगर क्षेत्र भित्र रहेको घरहरुको घर नम्बरिङ्ग गरी घर नम्बर वितरणको व्यवस्था मिलाउने

(म) घर नक्सा पास भई सके पछि सोको लागत राजश्व शाखामा पठाउने ।

(य) नगर क्षेत्र भित्रको घर जग्गा प्रमाणित गरी घर बाटोको सिफारिस गर्ने ।

(र) सडकको वर्गीकरण, नामाकरण र निर्धारण भएको मापदण्ड कार्यान्वयन गर्ने ।

(व) मापदण्ड परिमार्जन, थप निर्धारण गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृत मार्फत् नगरपालिका बोर्डमा पेश गर्ने ।

(श) नगरपालिका क्षेत्रभित्र निर्माण भएका सडकहरुको लगत राख्ने ।

(ष) भवन निर्माण सम्बन्धी मापदण्डको प्रचार प्रसार गर्ने ।

(स) भुकम्प प्रतिरोधक घर निर्माण गराउन प्रयास र पहल गर्ने ।

### ११.४.३ नापी तथा भूउपयोग नीति कार्यान्वयन उपशाखाबाट सम्पादन हुने कामको विवरण

(क) अव्यवस्थित बसोबास गर्नेहरुको लगत सङ्कलन तथा अभिलेख व्यवस्थापन गर्ने।

(ख) व्यवस्थित वस्ती विकासका लागि सम्भावित स्थलहरुको पहिचान गर्ने ।

(ग) एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन सम्बन्धी कार्य गर्ने ।

(घ) भू–उपयोग सम्बन्धी योजना तयारी गर्ने ।

(ङ) सङ्घीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा भूमिहिन सुकुम्बासी पहिचान गरी अभिलेख राख्ने ।

(च) घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन गर्ने ।

(छ) भूमिको वर्गीकरण अनुसारको लगत राख्ने ।

(ज) भूमि लगत (नक्सा, स्रेस्ता) निर्माण र संरक्षण गर्ने ।

(झ) सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गर्ने ।

(ञ) जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता गर्ने ।

(ट) पूरातात्विक महत्वका स्थलहरु लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत राख्ने ।

(ठ) भौगर्भिक नक्सा प्रकाशन गर्ने ।

(ड) उपशाखासँग सम्बन्धितअन्य कार्यहरु गर्ने ।

### ११.४.४ वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखाबाट सम्पादन हुने कामको विवरण

(क) वातावरण दिवस मनाउनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ख) वातावरण सुरक्षाका लागि हरियाली क्षेत्र तोक्न सहयोग गर्ने ।

(ग) सार्वजनिक खुल्ला स्थानमा विरुवा रोप्न पहल गर्ने ।

(घ) नगर क्षेत्रका सामुदायिक तथा कबुलियती वनका समूहसँग समय समयमा छलफल तथा परामर्श गर्ने ।

(ङ) वातावरणीय प्रभाव अनुकूलनका लागि अध्ययन गर्ने ।

(च) नगर क्षेत्रमा वातावरणीय सम्बन्धी विभिन्न अन्तरक्रिया कार्यक्रमहरु गर्ने ।

(छ) शहरी वातावरण संरक्षणका लागि दिर्घकालीन तथा तत्कालीन नीति निर्धारणमा सहयोग पुर्याउने ।

(ज) नगरलाई हराभरा राख्न र वातावरणमा सन्तुलन कायम गर्न विभिन्न स्थानहरुमा वृक्षारोपण, सोको संरक्षण पार्क तथा उद्यानहरुको संरक्षण र विस्तार जस्ता कुराहरुमा सहकारी तथा गैर सरकारी संस्थाहरुसंग सम्पर्कमा रही प्रभावकारी कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

(झ) शहरी वातावरणमा स्वच्छता कायम गर्न वातावरण संरक्षण शिक्षाको व्यापक प्रचार गरी जनचेतना अभिवृद्धिमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ञ) वातावरण संरक्षणमा सहयोग पुर्याउने व्यक्ति वा समूहलाई समुदायबाट नै पुरस्कृत गर्ने ।

(ट) नयाँ उद्योग वा व्यवसायको स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने इजाजत तथा सिफारिसमा वातावरण संरक्षणलाई ध्यान दिदै आफ्नो राय सुझाव सम्बन्धितशाखामा उपलब्ध गराउने ।

(ठ) सडक किनाराहरु, खोला नालाको किनारा, चौर डाँडा पाखाहरुमा वृक्षारोपणको व्यवस्था गर्ने गराउने र सोको संरक्षणको व्यवस्था समेत मिलाउने ।

(ड) विपद् व्यवस्थापन कार्यमा गैसस, निजि क्षेत्र तथा स्थानीय समूदाय समेतको साझेदारी अभिवृद्धि गर्दै सूचना प्रवाह र समन्वय कार्य प्रभावकारी बनाउन पहल गर्ने ।

(ढ) विपतबाट उत्पन्न हुने परिस्थितिसँग जुट्न पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने।

(ण) एकिकृत सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, आपत्कालिन उद्धार लगायतका कार्यहरुमा नगरपालिकाको भूमिकालाई परिभाषित गर्ने र समन्वय गर्ने ।

(त) विपद व्यवस्थापनमा नगरपालिकासंग समन्वय गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय साझेदार संस्थाहरुको पहिचान गर्ने, संयुक्त कार्य योजना तयारी गर्ने र जोखिममा परेका स्थानहरुको नक्साकंन गर्ने।

(थ) विपद् व्यवस्थापन सम्बन्धी नेपाल सरकारको नीति र कार्य योजना अनुकुलन नगर स्तरिय नीति तर्जुमा गर्ने।

(द) विपद् व्यवस्थापनमा स्थानीय समुदाय र सामुदायिक संस्थाहरुको क्षमता विकास लगायत जनचेतना अभिवृद्धिका कामहरु गर्ने ।

(ध) प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति कम गर्न निरोधात्मक तथा उद्धारका कामहरु गर्न समन्वय गर्ने ।

(न) नगर स्तरीय नगर प्राकृतिक प्रकोप उद्धार समितिको सचिवालयको काम गर्ने ।

(प) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, जलाधार संरक्षण, वातावरण, पर्यावरण

तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना बनाउने ।

(फ) वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने ।

(ब) नदी किनार, नदी कटान, दहत्तर, बहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने।

(भ) निजी तथा व्यावसायिक वनको प्रवर्द्धन र नियमन गर्ने ।

(म) भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलनका कामहरु गर्ने ।

(य) स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति तथा कानून निर्माण गर्ने ।

(र) विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको पहिचान गर्ने ।

(ल) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने ।

(व) जलवायू परिवर्तन अनुकूलन सम्बन्धी कार्य गर्ने ।

(श) वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण सम्बन्धी कार्य गर्ने ।

(ष) पहिरो नियन्त्रणमा सहयोग गर्ने ।

(ह) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना तयारी तथा कार्यान्वयन गर्ने,

(क्ष) विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय सम्बन्धी कार्य गर्ने ।

(त्र) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरणका लागि सिफारिस गर्ने ।

(ज्ञ) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने ।

(कक) विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालनमा सहजिकरण गर्ने ।

(कख) बारुणयन्त्रको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(कग) स्थानीय आपत्कालीन कार्य सञ्चालन प्रणालीको कार्यान्वयन गर्ने ।

(कघ) उपशाखासँग सम्बन्धितअन्य कार्यहरु गर्ने ।

### ११.४.४.१ दमकल फाँटबाट सम्पादन हुने कामको विवरण

(क) नगरपालिकाबाट खटाए बमोजिम तोकिएको स्थानमा वारुण यन्त्र सञ्चालन गर्ने र आगलागी नियन्त्रण लगायतका विपदमा उद्धारको काम गर्ने।

(ख) वारुण यन्त्र खटीएर गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात् गरिएका कामको विवरण र विपद्मा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरुको विवरण सम्बन्धित शाखा (विपद्, जिन्सी र लेखा) मा पेस गर्ने ।

(ग) वारुण यन्त्रमा हरदम इन्धन तथा पानी भरेर तयारी अवस्थामा राख्ने । वारुण यन्त्रको मर्मत सम्भार गर्ने । आगलागी लगायतका विपदमा प्रयोग हुने यन्त्र, उपकरण, अग्नि प्रतिरोधक पोसाक, फायर प्रुफ ब्लाङ्केट, पानीको पाइप, फायर डिस्टिङ्गुइसर, साइरन, हेलमेट, बुट जुत्ता आदि सुरक्षित र तयारी अवस्थामा राख्ने ।

(घ) आगलागी तथा विपद् भएको स्थानमा जानुअघि नगर प्रहरी तथा सम्बन्धित सुरक्षा प्रशासन / निकायसँग समन्वय गर्ने ।

(ङ) नगरपालिकाले तोके बमोजिम अन्य कामको विवरण गर्ने ।

**११.५ सामाजिक विकास शाखाबाट सम्पादन हुने कामको विवरण**

(क) प्रारम्भिक बाल शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने ।

(ख) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन सम्बन्धी कार्य गर्ने

(ग) परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(घ) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।

(ङ) स्थानीय स्तरको पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने ।

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा गर्ने, आवश्यक प्रकृया पुगेका निकायलाई अनुमतिका लागि सिफारिस गर्ने र त्यस्ता निकायको नियमन गर्ने ।

(छ) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण गर्ने ।

(ज) युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने ।

(झ) स्थानीय स्तरमा खेलकूद प्रशासन तथा खेलकुद सम्बन्धी सङ्घ संस्थाको नियमन र समन्वय गर्ने ।

(ञ) खेलकूदको विकास र प्रबर्द्धन गर्ने ।

(ट) शाखा प्रमुख वाहेकका उपशाखा मातहतका कर्मचारीको कार्यविवरण तयार गरी सम्बन्धितकर्मचारीलाई उपलब्ध गराउने ।

(ठ) स्थानीय स्तरमा समाजकल्याण सम्बन्धी सङ्घसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक सङ्घसंस्था) को दर्ता, नवीकरण र खारेजीको लागि सिफरिस गर्ने ।

(ड) गैसस परिचालन तथा अनुगमन एवं नियमन गर्ने ।

(ढ) गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन गर्ने गराउने ।

(ण) गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यको लागि कार्यविधि तथा मापदण्ड तयार गर्ने ।

(त) सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने ।

(थ) टोल विकास संस्थालाई परिचालन गर्ने ।

(द) महिला हक अधिकार सम्बन्धी नीति तथा योजना तर्जुमा, कार्यान्वयन, समन्वय र नियमन गर्ने,

(ध) कमजोर वर्गको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र मुलप्रवाहीकरण सम्बन्धी कार्य गर्ने,

(न) लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने गराउने ।

(प) बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जालको प्रबर्द्धन गर्ने ।

(फ) असहाय बालबालिका र सडक बालबालिका व्यवस्थापन गर्ने गराउने ।

(ब) बाल हिंसा नियन्त्रण सम्बन्धी कार्य गर्ने गराउने ।

(भ) बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालन अनुमतिका लागि सिफारिस गर्ने र नियमन गर्ने ।

(म) बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने र नियमन गर्ने ।

(य) आधुनिक प्रविधि मार्फत् व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री) व्यवस्थापन गर्ने ।

(र) व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयार पार्ने ।

(ल) ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने ।

(व) ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(श) अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण सम्बन्धी कार्य गर्ने ।

(ष) अपाङ्गता भएका व्यक्ति र असक्तहरूको परिचयपत्र वितरण तथा व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने ।

(ह) विधवा तथा एकल महिला सम्बन्धी कार्य गर्ने।

(क्ष) सहयोगापेक्षी सडक मानव व्यवस्थपान सम्बन्धी कार्य गर्ने।

(त्र) आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यकहरुको हित प्रबर्द्धन सम्बन्धी नीति बनाउने, कानून तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

(ज्ञ) स्थानीय स्तरमा समाजकल्याण सम्बन्धी सङ्घसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक सङ्घसंस्था) को दर्ता, नवीकरण तथा खारेजीका लागि सिफारिस गर्ने ।

(कक) सामाजिक विकास समितिको सचिवालयको काम गर्ने ।

**अन्य प्रशासनिक कामहरु**

(१) विभिन्न समितिहरुको गठन/ पुनर्गठन, योजनाहरुको अवधिको म्याद थप, ऐन/नियम/ कार्यविधिको निर्माण र संशोधन, कार्यपालिका बैठकमा लैजानु पर्ने प्रस्ताव, शाखा/ उपशाखाहरुको व्यवस्थापन र जिम्मेवारी बारे गर्नुपर्ने कार्यका बारेमा पर्याप्त समय अगावै प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

(२) विभिन्न पठाइएका उजुरी / जाहेरी पत्रसँग सम्बन्धित कागजात, विवरण तयार गरी राय प्रतिक्रिया सहित पठाउने सम्बन्धी कार्य गर्ने ।

(३) आफ्नो सचिवालय/शाखासँग सम्बन्धित फाइल, निर्णय तथा कागजातहरु सुरक्षित तवरले राख्ने ।

(४) आफू मातहतका कर्मचारीहरुको कामको सुपरीवेक्षण र सहजीकरण गर्ने ।

(५) मातहतका कर्मचारीहरुलाई जिम्मेवारी किटान गरी काममा लगाउने ।

(६) सबै शाखा प्रमुखले नगरपालिकाबाट प्राप्त निर्देशनको पालना गर्ने र शाखासँग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने ।

(७) आफ्नो शाखामा आई परेका कार्यालयीय कामहरु गर्ने ।

(८) अन्य शाखा तथा आफू मातहतका उपशाखा / फाँट / इकाइहरुसँग समन्वय गरी स्रोतसाधनको परिचालन, अनुगमन र नियन्त्रण गर्ने ।

(९) मातहतका कर्मचारीको कार्यविवरण सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउने ।

**११.५.१ शिक्षा, युवा तथा खेलकुद विकास शाखाको कार्यविवरण**

(क) औपचारिक तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन गर्ने, अनुगमन सम्बन्धी कार्य गर्ने ।

(ख) शैक्षिक स्तर सुधारका लागि विद्यालय अनुगमन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।

(ग) नगर क्षेत्र मातहतमा सञ्चालित संस्थागत विद्यालयहरुको स्थलगत निरीक्षण गरी नियमानुसार सञ्चालन भए नभएको अनुगमन सम्बन्धी कार्य गर्ने ।

(घ) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी कार्य गर्ने

(ङ) परीक्षा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(च) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(छ) तहगत तथा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने ।

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीको तालिम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(झ) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न विद्यालयमा सूचना तथा प्रविधिमैत्री शिक्षण सिकाई वातावरण विकास सम्बन्धी कार्य गर्ने ।

(ट) विपन्न बालबालिकाहरुलाई विद्यालय जान प्रेरित गर्नका लागि पोषाक, पोषिलो खाजा र स्टेसनरीको व्यवस्था मिलाउने सम्बन्धी कार्य ।

(ठ) शैक्षिकस्तर सुधारका लागि विद्यालय अनुगमन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।

(ड) स्थायी शिक्षकको कार्यसम्पादन मूल्यांकन फाराम फाइलिङ गर्ने र कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य गर्ने ।

(ढ) स्थायी शिक्षकहरुको असाधारण तथा अध्ययन बिदा रेकर्ड सम्बन्धी कार्य गर्ने ।

(ण) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने ।

(त) सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विद्यालय व्यवस्थापन गठन सम्बन्धी कार्यमा सहजीकरण गर्ने ।

(थ) सामुदायिक तथा संस्थागत विद्यालयमा प्रधान अध्यापक नियुक्ति प्रक्रियाको लागि आवश्यक सूचना र रेकर्ड व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(द) विद्यालयलाई वितरण गरिने कार्यक्रम अनुदान तथा सोको बजेट व्यवस्थापन सम्बन्धी कार्य गर्ने

(ध) विद्यालय र शिक्षक तथा कर्मचारीको अभिलेख अद्यावधिक गराई राख्ने ।

(न) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको आवश्यकता पहिचान गरी सिफारिस गर्ने ।

(प) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन गर्ने ।

(फ) प्रोत्साहन तथा छात्रवृत्ति पाउने विद्यार्थीको अभिलेख व्यवस्थापन गर्ने ।

(ब) आधारभूत तहसम्मको शैक्षिक कार्यक्रमहरुको समन्वय र नियमन गर्ने ।

(भ) सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरुको अनुगमन नियमन गर्ने ।

(म) पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन गर्ने ।

(य) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने ।

(र) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन गर्ने र शाखासँग सम्बन्धितअन्य कार्यहरु गर्ने ।

(ल) सामुदायिक विद्यालयहरुको जग्गा, भवन तथा अचल सम्पत्तिको अभिलेख राख्ने ।

(व) विद्यालयहरुको सञ्चालन अवस्था र संस्थागत क्षमताको अभिलेख राख्ने ।

(श) नगरस्तरीय शिक्षा समिति तथा खेलकुद विकास समितिको सदस्य सचिव भई कार्य गर्ने ।

(ह) नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

### ११.५.१.१ विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा प्राविधिक शिक्षा उपशाखाबाट सम्पादन हुने कामको विवरण (विद्यालय, बालविकास केन्द्र, अनौपचारिक शिक्षा र प्रविधिक शिक्षालय समेत)

(क) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजनको लागि सिफारिस गर्ने ।

(ख) पूर्व प्राथमिक, आधारभूत तथा माध्यमिक तहको विद्यालय सञ्चालन अनुमति तथा स्वीकृति सम्बन्धी कार्य गर्ने ।

(ग) सामुदायिक विद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्बन्धी कार्य ।

(घ) विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न प्रविधि मैत्री सिकाइ र शिक्षणलाई क्रियाशील बनाउने सम्बन्धी कार्य ।

(ङ) बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन गर्ने ।

(च) विद्यालयमा रहेका खेल मैदान, प्रयोगशाला र पुस्तकालयहरुको अभिलेख राख्ने ।

(थ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन गर्ने ।

(फ) प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिंदै बहुप्राविधिक शिक्षालय स्थापना सम्बन्धी कार्य ।

(झ) शिक्षाको पहुँचबाट बञ्चित समूहलाई अनौपचारिक शिक्षाको विकास विस्तार गर्न विभिन्न कार्यक्रमको सञ्चालन एवं समन्वय सम्बन्धी कार्य गर्ने ।

(ञ) स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रको अनुमति, स्वीकृति, सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने ।

(ट) विद्यालय बाहिर सञ्चालन हुने अध्यापन सेवा तथा शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन गर्ने ।

(ठ) विद्यालय बाहेकका स्थानीय स्तरमा सञ्चालित शैक्षिक सङ्घ संस्थाहरुसँग समन्वय, सहजीकरण, अनुगमन, नियमन गर्ने ।

(ड) विद्यालयहरुको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गर्ने ।

(ढ) आधारभूत तह परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन नतिजा प्रमाणीकरण गर्ने ।

### ११.५.१.२ युवा तथा खेलकुद उपशाखाबाट सम्पादन हुने कामको विवरण

(क) युवा जागरण, सशक्तिकरण र परिचालन सम्बन्धी कार्य गर्ने ।

(ख) युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास सम्बन्धी कार्य गर्ने ।

(ग) युवा परिचालनका लागि नगरपालिकाको युवा नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने ।

(घ) युवाहरुलाई स्वरोजगार उन्मुख अनौपचारिक शिक्षा तथा ज्ञान तथा सीपहरुलाई आयमूलक कार्यक्रमहरुसँग आवद्ध गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) युवा उद्यमशीलताको पहिचान गर्दै युवाहरुलाई स्वरोजगार उन्मुख अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत् विकास भएका थान तथा सीपहरुलाई आयमूलक कार्यक्रमहरुसँग आबद्ध गर्ने कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(च) युवा नेतृत्व विकास कार्यक्रहरु सञ्चालन गर्ने ।

(ज) खेलकूदको विकास र प्रबर्द्धन गर्ने ।

(झ) खेलकूद प्रतियोगिता आयोजना गर्ने र सहभागिता जुटाउने ।

(ञ) अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

(ठ) खेलकुदको माध्यकबाट अनुशासित युवाहरुको विकास गर्ने र विकास कार्यमा परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ड) माध्यिमक विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(ढ) अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्य र खेलकूदको विकास र प्रबर्द्धन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ण) गाउँस्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता सञ्चालन, समन्वय एवं लगायतका अन्य कार्यक्रमहरुमा सहयोग गर्ने ।

(त) नगर स्तरमा सञ्चालन हुने अन्तरविद्यालय स्तरीय, राष्ट्रपति रनिङ शिल्ड, मेयर कप लगायतका प्रतियोगिता सञ्चालन गर्ने, त्यस्तो कार्यक्रमलाई सफल र प्रभावकारी बनाउन आवश्यक समन्वय एवं सहयोग गर्ने ।

(थ) राष्ट्रिय स्तरमा सञ्चालन हुने विद्यालयस्तरीय प्रतियोगितामा सहभागी छनौट गर्न आधारहरु तयार गरी सिफारिस गर्ने व्यवस्था मिलाउने ।

(द) जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास सम्बन्धी काम गर्ने ।

(ध) भाषा, कला, साहित्य संस्कृतिको संरक्षण, सम्बद्र्धन, विकास र प्रबर्द्धन गर्ने ।

(न) भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरका योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने ।

**११.६ स्वास्थ्य शाखाबाट सम्पादन हुने कामको विवरण**

(क) आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।

(ख) राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी

लक्ष्य र गुणस्तर निर्धारणमा सहयोग गर्ने ।

(ग) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता तथा सञ्चालन अनुमतिका लागि सिफारिस र नियमन गर्ने ।

(घ) आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन गर्ने ।

(ङ) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने ।

(च) सरसफाई सचेतनाको अभिवृद्धि गर्ने ।

(छ) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवाको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ज) औषधि पसल सञ्चालनको दर्ता तथा अनुमतिका लागि सिफारिस गर्ने ।

(झ) औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरणमा सहजिकरण गर्ने।

(ञ) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालनमा सहजिकरण गर्ने ।

(ट) औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण गर्ने र पालना भए नभएको नियमन गर्ने।

(ठ) औषधि र स्वास्थ्य उपकरणको खरिदको योजना निर्माण गरि जिन्सी शाखामा पठाउने, खरिद भएका औषधिको भण्डारण र वितरण गर्ने ।

(ड) स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गर्ने ।

